मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा

Purwanchal National Daily

सूचना

विद्यालयलाई शान्ति क्षेत्र बनाऔं, बन्द हड्ताल, राजनीतिक क्रियाकलाप, हिंसात्मक गतिविधिबाट टाढै राखौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

◆ वर्ष : २६ ◆ अङ्क : १९७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ जेठ २५ गते मंगलवार (Tuesday, June 8. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## काँकरभिट्टा-इनरुवा रेलमार्गको मुआब्जा वितरण प्रक्रिया छिट्टै अघि बढाइने




**बिर्तामोड, जेठ २४।** काँकरभिट्टा-इनरुवा रेलमार्ग मुआब्जा निर्धारणमा भएको ढिलाइ र देखिएको समस्या तत्काल समाधान गरेर अघि बढ्ने सरोकारवालाले प्रतिवद्धता जनाएका छन् ।

मेची-महाकाली विद्युतीय रेलमार्ग अन्तरगत झापा, मोरङ र सुनसरी जिल्लाको खण्डमा रेल मार्ग निर्माणको काममा मुआब्जा निर्धारणमा प्राविधिक काम तथा जनशक्ति अभाव लगायतका समस्याका कारण ढिलाइ भएको भन्दै सरोकारवालाले अब काम तत्काल अघि बढाउने बताएका हुन् ।

झापाको काँकरभिट्टादेखि सुनसरी इनरुवासम्मको १०६ किलोमिटर निर्माणको काममा भएको ढिलाइप्रति स्थानीयले गुनासो गरेका छन् । रेलमार्गमा पर्ने घर तथा जग्गा धनीहरुको क्षतिपूर्ति र मुआब्जाको समस्यालाई समाधान गर्दै निर्माण कार्यलाई अघि बढाउने बारेमा संवाद समूह प्रदेश १को संयोजनमा सोमबार भएको भर्चुअल संवादको क्रममा त्यस्तो बताइएको हो ।

छलफलमा रेल आयोजना प्रमुख तथा प्रमुख जिल्ला अधिकारीले समस्या समाधान गरेर तत्काल अघि बढ्ने बताएका छन् । तीनै जिल्लाका मुआब्जा समितिले बाँकी रहेका प्राबिधिक कार्य तत्काल सम्पन्न गर्ने, प्रभावित व्यक्तिहरुलाई मुआब्जा तथा क्षतिपूर्ति दिँदा चलनचल्तीको मूल्यलाई मुख्य आधारमानी सोही अनुसार क्षतिपूर्ति र मुआब्जा वितरण गर्ने गरी मुआब्जा निर्धारणको काम चाँडै सकिने झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाले बताए । प्रमुख जिल्ला अधिकारी तिमिल्सिनाले झापाका ६ पालिकाका १ हजार १ सय ६१ बिगाहा जग्गा रेल क्षेत्रमा पर्ने बताए । यसको व्यवस्थापनको लागि जग्गा सम्बन्धी उपसमिति बनाएर काम भइरहेको बताए । जग्गाको मूल्यांकन झापा, मोरङ सुनसरी तीनै जिल्लामा एकैपटक गर्ने भनिए पनि मूल्यांकन एकैपटक हुन नसक्दा केही ढीला भएको उनले स्वीकार गरे । मूल्यांकन एकैपटक गर्ने र बितरण पनि सँगै गर्ने भनिएको थियो- तिमिल्सिनाले भने- झापा सबै हिसावले तयारी अबस्थामा छ, दुई जिल्लाको केही समस्या भएको भनिएको छ, त्यो पनि समाधानको चरणमा रहेको अबस्था छ ।

प्रजिअ तिमिल्सिनाले प्राविधिक काम तत्काल अघि बढाउन रेल आयोजना कार्यालयलाई आग्रह गरे भने आवश्यक सबै सहजीकरण र सहयोग जिल्ला प्रशासनले गर्ने बताए । उनले अब काममा ढिलाइ नहुने र निरास नहुन स्थानीयलाई आग्रह गरे । झापाका प्रजिअको भनाइमा मोरङका प्रजिअ कोषहरि निरौलाले पनि सहमति जनाए ।

रेल आयोजना कार्यालय दमकले काम रोकिएका ठाउँहरुमा २ हप्ताभित्र डिमार्केशनको काम सक्ने जनाएको छ । रेल आयोजना कार्यालय दमकका योजना प्रमुख प्रकाशचन्द्र भण्डारीले झापा र मोरङका केही ठाउँमा डिमार्केशनको काम हुन नसकेकोले ३ वटा टोली परिचालन गरेर कामलाई दुई हप्ताभित्रमा पूरा गर्ने प्रतिबद्धता जनाएका हुन् । भण्डारीले योजना कार्यान्वयन गर्दा डुवान, बाढी समेतलाई मध्यनजर राख्दै योजनामा समावेश गर्न रेल योजना कार्यालयले आबश्यकता अनुसार सर्वेक्षण गर्ने र मुआब्जा निर्धारणपछि रेल आयोजना कार्यालयले समयमै मुआब्जाको रकम उपलब्ध गराउने प्रतिबद्धता जनाएका छन् । नापीमा देखिएको समस्या समाधान गर्न नापी विभाग र रेल विभागसँग पनि कुरा भएर अघि बढ्ने काम भएको भण्डारीको भनाइ छ ।

आफ्नो जग्गा रोक्का राखेर जग्गामा कुनै पनि गतिबिधि गर्न नदिएको अवस्थामा सरकारको काम ढिला हुँदा आफूहरु अन्यौलमा परेको स्थानीयको भनाई छ । काम ढिला भयो- रेल्वे प्रभावित समन्वय तथा मुआब्जा निर्धारण समितिका अध्यक्ष डा. लक्ष्मीप्रसाद मैनालीले डिमार्केशनको काम तत्काल सकेर बाँकी जग्गा फुकुवा गर्न, चलनचल्तीको मूल्यमा मुआम्जा दिनुपर्ने बताए ।

जग्गाको पुनःमूल्यांकन गरिनुपर्ने समितिका उपाध्यक्ष सुनिल साहले बताए । चैत बैशाखसम्ममा मुआब्जाको बिषय टुङ्गो लगाउने भनिएपनि अहिलेसम्म नभएको साहले गुनासो गरेका थिए । समितिका महासचिव रञ्जित प्रसाईले प्रभावितहरुलाई निराश नबनाउन र तत्काल काम अघि बढाउन माग गरेका थिए । अन्य प्रभावित हरुले पनि जिज्ञासा र सुझाव राखेका थिए । प्रभावितहरुको जिज्ञासालाई सम्वोधन गर्दै झापाका प्रजिअ तिमिल्सिनाले असार दोस्रो सातासम्ममा सबै काम सकेर मुआब्जा बुझ्नका लागि ३५ दिने सूचना जारी गर्ने बताएका छन् ।

काँकरभिट्टा-इनरुवा खण्ड १०६ किलोमिटर छ । यो बर्ष यो परियोजनाको लागि ५ अर्ब बजेट सरकारले बिनियोजन गरेको थियो । काँकरभिट्टा-इनरुवा खण्डका ४ हजार घरका ५ हजार १ सय १८ कित्ता प्रभाबित हुने अनुमान गरिएको भएपनि अझै यसको अन्तिम रिपोर्ट तलमाथि हुनसक्ने बताइएको छ ।

कोरोना कहर

# सीमा बजार चौपट

## व्यवसायीलाई पुरानो लयमा फर्कन चुनौति

पार्थ मण्डल

**झापा, जेठ २४।** ३३ वर्षीय कमल गणेश भारतीय नागरिक हुन् । उनी भारतीय भए पनि नेपाली भाषा प्रष्ट बोल्छन् । किनभने उनी नेपाली विद्यालयमा पढाइसँगै यहाँकै साथीभाइसँग हुर्किएका हुन् । झापाको कचनकवल गाउँपालिका- ५ स्थित पाठामारीको नयाँ हाट बस्तीमा परिवारसँग बसोबास गर्दै आइरहेका गणेश सिलाईको काम गर्छन् ।

नेपाल-भारतको सीमा पिलर ११२ नजिकै उनको फुसले बनेको छाप्रो जस्तो एउटा घर छ । उनको घर भारतीय भूमिमा पर्छ । भारतीय भए पनि उनी नेपालमै व्यवसाय सञ्चालन गर्दै परिवार पाल्दै आएका छन् । उनको पसल कचनकवल-६स्थित बनियानी बजारमा रहेको छ । उनले बनियानी बजारमा कपडा सिलाउने पसल खोलेका छन् । तर, विडम्बना उनी भारतीय भएकाले अहिले पसल जान पाइरहेका छैनन् ।



दोस्रो लहरको कोरोना भाइरसको संक्रमण भारतसँगै नेपालमा तीव्र गतिमा समुदायमा फैलिरहेको भन्दै सुरक्षाकर्मीले सीमा नाकामा कडाइसँगै आवतजावतमा पूर्ण रुपमा बन्देज लगाएको छ । सुरक्षाकर्मीले भारतीयलाई नेपाली भूमि प्रवेश निषेध गरेसँगै गणेश अहिले थप समस्या परेका छन् ।

'कोरोनाका कारण अघिल्लो बर्षपनि यस्तै समस्या भोग्नु पऱ्यो'- गणेशले भने- 'अहिले फेरि त्यस्तै समस्या आइ पर्यो, अब के गर्ने हो थाहा छैन ।' 'कोरोनाले मरिने भन्ने डर एकातिर छ भने अर्कातिर रोजीरोटीको सवाल पनि छ'- उनले भने- 'अब जसोतसो घरमै बसेर खेतीपाती वा अन्य काम गर्नुपर्ला ।' नेपालका सशस्त्र र नेपाल प्रहरीले गाउँका कसैलाई पनि नेपाली भूमि नछिर्नु भन्दै आएको बताउँदै उनले भने- 'कोरोनाबाट बच्न र अरूलाई पनि बचाउने हाम्रै दायित्व हो, सरकारले कोरोना महामारी रोक्न लगाएको लकडाउन र सीमा नाका बन्द जस्ता आदेश मान्नै पऱ्यो ।'

त्यही गाउँका ७४ वर्षीय उपेन्द्र साह सजिलै मेची नदी तरेर भारतीय बजार किनमेलका लागि सधैँ जान्छन् । कोरोना संक्रमणको रोकथामका कारण देखाउँदै उनलाई कसैले छेकेको छैन । दशगजामै घर भएका साह पनि भारतीय नागरिक हुन् । उनलाई भारतीय बजारभन्दा नेपालका बजार पुग्न सजिलो हुन्छ । तर, उनी अहिले नेपाल छिर्न पाएका छैनन् । अघिल्लो वर्ष जस्तो फेरि गाउँवासीलाई सुरक्षाकर्मीले नेपाल छिर्न रोक लगायो- साहले भने- 'अहिले सरकारी नाम दियो कोरोना भाइरस । पहिला यही रोगलाई हैजा र मर्की भनिन्थ्यो ।' 'यो एउटा महामारी हो आफूलाई थाह छ, यसबाट बच्न हामी सीमावासी पनि सजग छौँ- उनले भने । यहाँ करिब ३० देखि ३५ घर भारतीय नागरिकको बसोबास रहेको स्थानीय ४५ वर्षीय बिनोद साहले बताए । उनका अनुसार गाउँमा दुईवटा पसल छन् । ती पसल भारतीय भूमिमा पर्छन् ।

सीमा पिलर पारी नेपाली बस्ती रहेकोले त्यहाँका बासिन्दा पनि अति आवश्यक खाद्यान्न लगायतका सामग्री खरिद गर्नु परेमा बाटो पारि भारत आउने गरेको उनले बताए । कोरोना महामारीका कारण अहिले ती पसलमा नेपाली नागरिकलाई सुरक्षाकर्मीले आउन दिइरहेको छैन- उनले भने । ११२/२ नम्बर पिलर उत्तर नेपालमा बसोबास गर्दै आइरहेका ६५ वर्षीय पानालाल राजवंशीलाई कोरोना भाइरस संक्रमणको बारे प्रष्ट थाहा छैन । उनी दशगजा नजिकै बस्छन् । घरबाट निस्किनासाथ उनी भारत पुग्छन् । उनीसहित त्यहाँ बसोबास गर्ने नेपाली नागरिक घर बाहिर निस्किएपनि भारत नजान सुरक्षाकर्मीले आग्रह गर्दै आएका छन् ।

**दशगजा नजिकै बस्ती हुँदा सुरक्षाकर्मीलाई चुनौति**

सीमा पिलर ११२ नजिकै कचनकवल गाउँपालिका-५ पाठामारीस्थित नयाँ हाट बस्ती छ । बस्तीको बीच-बीचमा चार वटा मझौला सीमा पिलर छन् । उत्तरपट्टि नेपाली बस्ती र दक्षिणीपट्टि भारतीय बस्ती । पूर्वपट्टि बस्तीसँगै बगिरहेको मेची नदी । दुवै बस्तीलाई जोड्ने दशगजामै कच्ची सडक । सोही कच्ची सडक दुवै देशका जनताले बर्षोदेखि प्रयोग गर्दै आइरहेका छन् । सामान्य अवस्थामा सडक प्रयोग गर्नु ठीकै हो । तर, अहिले त्यही सडक यहाँका सुरक्षाकर्मीका लागि समस्यासँगै चुनौति बनिएको छ ।

दोस्रो लहरको कोरोना भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि गृहदेखि स्थानीय प्रशासनले भारतसँग जोडिएको खुला सीमा नाका कडाइसँगै आवतजावतमा पूर्ण रुपमा बन्देज लगाउने निर्णय गरेको छ । नाका बन्द गराउने निर्णयसँगै त्यहाँ रहेका सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोस्ट र पाठामारी प्रहरी चौकीबाट खटिएका सुरक्षाकर्मी दिनरात १२२ नम्बर पिलर नजिकै सुरक्षा दिइरहेका छन् । तर, सुरक्षाकर्मीलाई सीमामा आवतजावत रोक्न समस्या भइरहेको छ । ११२ पिलर नजिकै भारतीय बस्ती रहेकोले त्यहाँका नागरिक अहिले पनि भारतीय बजार ओहोरदोहोर गरिरहेका छन् । उनीहरूलाई रोक्ने अधिकार नै नेपाली सुरक्षाकर्मीलाई छैन । उनीहरू सहज रुपमा मेची नदीबाटै हिँड्डुल गरिरहेका देखिन्छन् ।

'सो बस्तीमा बसोबास गर्ने अधिकांश व्यक्ति नातागोतामै पर्छन्'- स्थानीय रत्नकुमार बुढाथोकीले भने- 'भारत घरमा भएका व्यक्तिको सीमापारि नेपालमै दाजुभाइ, काका भतिज जस्ता आफन्तहरू छन्, त्यही भएर उनीहरूलाई रोक्न सुरक्षाकर्मीलाई दशगजामै समस्या हुने गरेको छ ।' 'भारततर्फ बस्नेहरू सजिलै भारत पुगेर आउँछन् । बस्तीमा आएपछि कतिखेर नेपाल छिरेर आफन्त भेट्छन् यहाँका सुरक्षाकर्मीले थाहा समेत पाउँदैनन्- उनले भने ।

उता केचना र घेरावारी पनि उस्तै समस्या रहेको छ । बस्ती नजिकै भारतीय बजार रहेकोले नेपाली र भारतीय दुवैलाई रोक्न त्यहाँ खटिएका सुरक्षाकर्मीलाई चुनौति थपिएको छ । सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोस्ट केचनाका प्रहरी निरीक्षक भक्त थापाका अनुसार बोर्डरमै सुरक्षाकर्मी तैनाथ राखेका छौं, अहिले कसैलाई पनि नेपाल प्रवेश गर्न दिइरहेका छैनौं ।

'खुला नाका भएकोले सुरक्षाकर्मीलाई चुनौति छ- प्रहरी निरीक्षक थापाले भने- 'सुरक्षाकर्मीहरूलाई आलोपालो गराउने बेला लुकिछिपी नेपाल प्रवेश गरिहाल्छन्, गाउँमा छिरेपछि उनीहरूलाई भेट्टाउनै गाह्रो हुन्छ ।' त्यही भएर हामीले गाउँघरमा कोरोना महामारीको बारेमा जनचेतनासँगै भारतबाट आउने कसैलाई पनि गाउँमा त्यतिकै प्रवेश नगराउन अनुरोध गरिरहेका छौं- उनले भने ।

**कोरोनाले सीमा बजार चौपट**

झापासँग जोडिएको पश्चिम बङ्गाल र विहारका सीमावर्ती भारतीय बजारमा सीमा नजिकै बसोबास गर्ने यहाँका नेपालीहरू घरायसीदेखि आवश्यक सरसामान खरिद गर्न जाने गरेका छन् । तर, पछिल्लो एक वर्षयता कोरोना भाइरस संक्रमणको महामारी फैलिएपछि नेपालीहरू भारतीय बजार जान छाडेका छन् ।

सीमावर्ती भारतीय बजारमा त्यहाँका नागरिकको पसल मात्र नभई नेपालमा बसोबास गर्नेहरूले पनि भारतमै गएर पसल तथा व्यवसाय सञ्चालन गर्दै आइरहेका थिए । काँकरभिट्टा पारि पानीटंकी बजार, भद्रपुरमा गलगलिया बजार, पाठामारी पारि ठाकुरगञ्ज बजार, केचना पारि कादोगाउँ बजार, टाघनडुब्बा पारि डिगलबैंक बजार र गौरीगञ्ज पारि फूलबारीया बजार रहेको छ । ती बजारहरूमा किनमेलका लागि नेपालीहरू जाने गरेका छन् । तर, पछिल्लो एक वर्षयता सीमापारिका अधिकांश बजारमा कारोबार चौपट बनेको छ । सरकारले काँकरभिट्टा नाका केही समय अघि केही खुकुलो गरेपछि नेपालीहरू किनमेलका लागि भारत जान थालेका थिए । अहिले फेरि दोस्रो लहरको कोरोनाका कारण काँकरभिट्टामा कडाइ गरेपछि नेपालीहरू जान छाडेका छन् ।

पानीट्यांकी बजारमा ४० प्रतिशत नेपाली नागरिकको लगानीमा व्यापार व्यवसाय सञ्चालन गरिरहेको भद्रपुरका व्यवसायी रवि गोयलले बता । उनको पानीट्यांकी बजारमै कार

(बाँकी अन्तिम पृष्ठमा)

## मकैको मूल्य घटेपछि किसान चिन्तित

**झापा, जेठ २४।** मकैको उचित मूल्य नपाउँदा झापाका किसान चिन्तित बनेका छन् ।

कोभिड-१९ महामारीका कारण सरकारले लगाएको निषेधाज्ञाको बहाना बनाएर स्थानीय व्यापारीले मकैको मूल्य घटाएपछि घटाएको मूल्यमा मकै बेच्नु पर्दा किसान चिन्तित बनेका हुन् ।

निषेधाज्ञा जारी हुनु अघिसम्म स्थानीय बजारमा मकै प्रतिक्वीन्टल रु. दुई हजार चार सयमा बिक्री हुने गरेको थियो । अहिले स्थानीय व्यापारीले प्रतिक्वीन्टल रु. एक हजार नौ सयभन्दा बढी मूल्य दिएका छैनन् । दुई वर्ष अघि नै प्रतिक्वीन्टल रु. तीन हजारमा किसानले मकै बेचेका थिए । झापाको कचनकवल, बाह्रदशी, झापा, कनकाई र गौरादहमा मकै जोन तथा पकेट क्षेत्र विकास गरिएको कारण यहाँ मकैको उत्पादन बढेको छ । जिल्लामा ४० हजार हेक्टर क्षेत्रफलमा लगाइएको मकै खेतीबाट करिब दुई लाख ४० हजार मेट्रिक टन उत्पादन



भएको कृषि ज्ञान केन्द्र झापाले जनाएको छ ।

कचनकवल गाउँपालिका-४का किसान रघुनन्द गणेशले आफूले अढाई विगाहा जग्गामा गरेको मकै खेतीबाट प्रतिविगाहा ५० क्वीन्टलका दरले उत्पादन भएको बताए । स्थानीय व्यापारीले आफूखुशी तय गरेको मूल्यमा बिक्री गर्नुपर्दा लागत उठाउन पनि मुस्किल भएको उनको भनाइ छ । उनले अहिले प्रतिक्वीन्टल रु. एक हजार ९००का दरले मकै बिक्री गर्नुपरेको बताए । बन्दाबन्दी नभएको भए भारतीय व्यापारी पनि आउँथे, राम्रो मूल्यमा मकै बिक्री गर्न पाउँथे- उनले भने- तर यतिबेला स्थानीय व्यापारीलाई उनीहरुकै दाममा दिनुपर्दा मकैमा फाइदा भएन ।

केन्द्रका कृषिविज्ञ शालिकराम भट्टराईले जिल्लास्थित दाना उद्योगले भारतको कोलकाताबाट मकै खरिद गरी ल्याउने गरेको र कुनै पनि पालिकामा मकैको लेबलिङ, प्याकेजिङ गरेर ग्रेडिङ गर्ने उद्योग नहुँदा किसानले आफ्नो उत्पादन सस्तो मूल्यमा बेच्नु परेको बताए । जिल्लामा धानपछि सबैभन्दा बढी उत्पादन मकैको हुन्छ- उनले भने- उत्पादन राम्रो हुन्छ तर बजारीकरणमा समस्या हुँदा मकै

(बाँकी अन्तिम पृष्ठमा)

## प्राधिकरणका कारण स्थानीयलाई सास्ती



**कमल, जेठ २४।** नेपाल विद्युत् प्राधिकरण दमक शाखाको लापर्वाहीका कारण कमल-३का स्थानीय वासी समस्यामा परेका छन् ।

विद्युत्को पोल ढलेर तार जतासुकै लत्रिएको छ । पोल ढलेर कुनै पनि बेला घरमा क्षति पुर्‍याउन सक्ने अवस्थाले त्रासले बस्नु परेको स्थानीयले बताएका छन् । कतिपय तार त माटोमा पुरिसकेका छन् । दुई वर्षदेखिको यो समस्या अहिलेसम्म पनि जस्ताको तस्तै छ । पटक-पटक प्राधिकरणलाई जानकारी

(बाँकी अन्तिम पृष्ठमा)

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

(पानीटंकीको रेटमा बिर्तामोडमै मोबाइल सेट)

मोबाइल ! मोबाइल !! मोबाइल !!!

**हामी कहाँ सम्पूर्ण ब्राण्डका मोबाइल सेट** SAMSUNG oppo, vivo, Redmi, MI, Lava, Nokia, One plus, Real me **इत्यादि**
**साथै मोबाइल कभर, ब्याट्री, टेम्पर ग्लास, चार्जर, एयरफोन, डाटाकेवल लगायत मोबाइलका सम्पूर्ण एसेसरीजहरु खुद्रा तथा होलसेलमा पाइन्छ ।**

**मेची मोबाइल एण्ड एसेसरीज**, पुरानो भद्रपुररोड, बिर्तामोड
**सम्पर्क फोनः- ०२३-५४२४३१, ९८०४९३५३५१**

झा.जि.हु.क नं. ५३/०६६/०६७, झा.जि.प्र.का.द.नं. ४५/०५२/०५३ पूर्वाञ्चल दैनिक

# शैक्षिक प्रमाणपत्र धितो राखेर २५ लाख कर्जा !



**झापा, जेठ २४।** सरकारले बजेटमार्फत शैक्षिक प्रमाणपत्र धितो राखेर दिइने कर्जाको सीमा बढाएर २५ लाख रुपैयाँ पुऱ्याउने घोषणा गरेपछि त्यसबारे चासोहरू व्यक्त भइरहेका छन् ।

विशेषगरी शिक्षित बेरोजगार युवाहरूले उक्त कर्जाबारे सामाजिक सञ्जालमार्फत विभिन्न खालका प्रश्नहरू उठाएका छन् । केहीले सरकारले घोषणा गरेको 'सहुलियतपूर्ण कर्जा' लाई अनुदानजस्तो लिएर खर्च गर्न पाइने र तिर्नु नपर्ने भन्ने अर्थमा समेत लिएको देखिएको छ ।

कतिपयले चाहिँ कार्यान्वयनमा शङ्का गरेका छन् भने कतिले 'सत्ताधारीले कार्यकर्ता र नातेदारलाई बाँड्न' यस्तो व्यवस्था गरिएको भनेका छन् । केही जानकारले केही वर्षदेखि नै लागु गरेको यो योजना 'खासै सफल हुन नसकेको' भन्ने आम मानिसको 'बुझाइ पनि गलत रहेको' बताएका छन् ।

**'सस्तो लोकप्रियताको लागि'**

सामाजिक सञ्जाल फेसबुक र ट्वीटरमा 'यसपालिको बजेटमा तपाईंको धारणमा के छ' भनेर सोधेको थियो । उक्त प्रश्नमा केही पाठक र श्रोताले व्यक्त गरेका धारणहरू पनि शैक्षिक प्रमाणपत्र धितो राखेर पाइने कर्जाबारे थिए । उनीहरूले यो व्यवस्था कार्यान्वयनमा शङ्का व्यक्त गरेका छन् ।

ट्वीटरमा तीर्थ अर्याल लेख्छन्- आम जनताले शैक्षिक प्रमाणपत्र धितो राखेर ब्याङ्कले ऋण दिने कुरा पत्याउन सकेका छैनन् । यो कुरा नेता तथा मन्त्रीहरूको सिफारिसमा उनकै कार्यकर्ता र निकटका नातेदारलाई मात्रै सम्भव होला ।

त्यस्तै दीपेन्द्र लामिछानेले चाहिँ विगतमा पनि यस्तो घोषणा भएको र कर्जा पाउन समस्या हुने गरेको लेखेका छन् । उनी लेख्छन्- विद्यार्थीको लोन सम्बन्धित कुरा विगत बजेटमा पनि बोलिएको थियो । ब्याङ्क पुगेपछि 'परिपत्र प्राप्त छैन' भन्ने सुनिन्थ्यो । यस्तो आफ्ना कार्यकर्तालाई मात्रै भरणपोषण गर्ने कार्यक्रम भएको बुझिन्छ ।

उता फेसबुकमा सुदर्शन भुसालले शैक्षिक प्रमाणपत्र धितो राखेर कर्जा दिने कुरा कानूनी रूपमा नमिलेको भन्ने धारणा व्यक्त गरेका छन् । उनले विभिन्न कानूनहरूको उल्लेख गर्दै धितो भनेको ऋणीले कर्जा चुक्ता नगरे लिलाम बिक्री वा स्वामित्व लिन पाउने हुनुपर्ने लेखेका छन् ।

उनी लेख्छन्- 'शैक्षिक प्रमाणपत्र लिलाम गर्न पाउने भए कुन तहको कति मूल्याङ्कन हो त्यो पनि घोषणा गरिदिनु पऱ्यो । लिलाम गरी ऋण असुल गर्न नपाउने भए धितो लिनुको अर्थ के ? ब्याङ्कमा रहेको रकम सरकारको ढुकुटी हैन । सर्वसाधारणको निक्षेप हो । सस्तो लोकप्रियताको लागि जनताको सम्पत्ति बाँड्ने व्यवस्था किन ? शैक्षिक प्रमाणपत्र राखेर पाइने कर्जाबारे हामीले नेपाल राष्ट्र ब्याङ्कका अधिकारीहरू र एक जना पूर्वगभर्नरसँग कुराकानी गरी उक्त कार्यक्रमबारेका थाहा पाउनुपर्ने ६ बुँदाहरू तयार पारेका छौं :-

**१. प्रमाणपत्रलाई होइन, परियोजनालाई कर्जा**

धेरैले प्रमाणपत्र राखेर २५ लाख कर्जा पाइन्छ भन्ने बुझेका भए पनि त्यो गलत बुझाइ भएको नेपाल राष्ट्र ब्याङ्कका प्रवक्ता देवकुमार ढकालले बताए ।

उनी भन्छन्- प्रमाणपत्र लगेर देखाउँदैमा वा प्रमाणपत्र राख्दैमा कर्जा पाइने होइन । त्यो एउटा योग्यता हो । 'म युवा हुँ र मैले स्नातक गरेको छु र मेरो अहिले केही काम छैन' भन्ने प्रमाण हो । काम गर्ने हो भने चाहिँ परियोजनाको विकास गर्नुपऱ्यो । त्यो परियोजनालाई ब्याङ्कले विश्वास गर्नुपऱ्यो । ब्याङ्क र वित्तीय संस्थाहरूले प्रमाणपत्र राखेको भरमा पैसा दिने नभईकन प्रमाणपत्रधारीले व्यवसायको चित्तबुझ्दो प्रस्ताव पेस गरेको अवस्थामा त्यो व्यवसाय स्थापना गर्नका लागि आवश्यक कर्जा उपलब्ध गराउने हो । ढकालका भनाइमा कुनै पनि ब्याङ्कले प्रमाणपत्रलाई एउटा योग्यता माने पनि मुख्यत: परियोजनालाई हेरेर नै लगानी गर्छन् । यसको अर्थ धेरैले बुझेजस्तो प्रमाणपत्रका आधारमा कर्जा पाइने होइन कि लगानी परियोजनाका आधारमा कर्जा पाइने हो र त्यसका लागि प्रमाण वा योग्यताका रूपमा प्रमाणपत्र धितो राखिने हो ।

**२. ब्याजमा मात्र अनुदान**

कतिपयले यो कर्जालाई नै अनुदानका रूपमा बुझेको पनि पाइएको ढकाल बताउँछन् । तर, सरकारले पाँच वर्षसम्मका लागि शैक्षिक योग्यता भएको तर बेरोजगार रहेको व्यक्तिलाई स्वरोजगार हुनका लागि कर्जाको ब्याजमा मात्र अनुदान दिएको उनले बताए । ब्याजमा अनुदान दिएपछि कर्जा लिनेले पाँच प्रतिशत मात्र ब्याज तिर्नुपर्छ । अहिले ब्याङ्कहरूबाट ऋण लिँदा त्योभन्दा बढी ब्याजदर रहेको छ । अनुदान भनेको ब्याज हो तर रकम भनेको कर्जा हो। जुन अहिले प्रवाह गरेपछि यो व्यवसायबाट भविष्यमा उठ्न सक्छ भनेर ब्याङ्कहरूले लगानी गर्ने हुन् ।

उनी पाँच वर्षपछि अनुदान सकिएपछि पनि व्यवसाय चलाउन सक्ने गरी परियोजना प्रस्ताव गर्नेले मात्र यो ऋण पाउन सक्ने बताउँछन् ।उनी म पैसा नभएर मात्र बेरोजगार भएको हुँ, पैसा भएमा म स्वरोजगार बन्न र अरूलाई रोजगारी पनि दिन सक्छु- भन्ने भरपर्दो आधार प्रस्तुत नगरी ब्याङ्कहरूले ऋण लगानी नगर्ने बताउँछन् ।

**३. कहिलेदेखि पाइन्छ ?**

ढकालका भनाइमा बजेटमा घोषणा भए पनि अहिले नै २५ लाख ऋण पाइहाल्ने हुँदैन । हाल यस्तो कर्जाको सीमा सात लाख रुपैयाँ रहेको छ ।

उक्त सीमालाई बढाउन अब फेरि 'सहुलियतपूर्ण कर्जा कार्यविधि' परिमार्जन गर्नुपर्छ । उक्त कार्यविधि परिमार्जन भएर आएपछि मात्र अहिले बजेटमा घोषणा भएअनुसार कर्जाका लागि आवेदन दिन सकिन्छ । विभिन्न ब्याङ्कहरूका लागि यस्तो कर्जाको कोटा तोकिएको हुन्छ ।

अहिलेको व्यवस्था अनुसार वाणिज्य ब्याङ्कका लागि ५०० र विकास ब्याङ्कका लागि ३०० जनाको कोटा तोकिएको छ । ब्याङ्कहरूले कर्जा नदिनका लागि कोटा सकियो भनेर पन्छिने गरेको पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्री बताउँछन् । उनका अनुभवमा सरकारी ब्याङ्कहरूले सरकारको नीति कार्यान्वयन गर्नुपर्ने दबाव हुँदा यस्तो कर्जा प्रवाह गरे पनि निजीमा लागु गराउन निकै असहज छ ।

**४. अहिलेसम्म कतिले लिए ?**

नेपाल राष्ट्र ब्याङ्कको ब्याङ्क सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक गुणाकर भट्टका अनुसार गत चैतसम्म शैक्षिक प्रमाणपत्र धितो राखेर १३९ जनाले कर्जा लिएका छन् । विभिन्न ब्याङ्कहरूले हालसम्म करिब साढे छ करोड रुपैयाँ उक्त शीर्षकमा कर्जा प्रवाह गरेका छन् । अहिले सरकारले विभिन्न १० शीर्षकमा व्यवसाय सञ्चालन तथा स्वरोजगारीका लागि सहुलियतपूर्ण कर्जा दिने गरेको 'सहुलियतपूर्ण कर्जा कार्यविधि' मा उल्लेख छ। त्यस्ता कर्जा दुई लाखदेखि पाँच करोड रुपैयाँसम्मका रहेका छन् ।

**५. ब्याङ्कहरू किन उत्साहित हुँदैनन् ?**

सहुलियतपूर्ण कर्जा प्रवाह गर्न ब्याङ्कहरू खासै उत्साहित नहुने गरेको पूर्वगभर्नर क्षेत्रीको अनुभव छ । उनका भनाइमा धेरै ब्याङ्कहरूलाई यस्ता कर्जा अन्तत: पहुँचवालाकै हातमा पुग्ने र डुब्ने गरेको अनुभव छ ।

त्यस्तै थोरै लगानीको सहुलियतपूर्ण कर्जा उठाउनका लागि पनि उत्तिकै जनशक्ति, खर्च र मेहनत पर्ने भएकाले प्राय: निजी ब्याङ्कहरूले ठूलो लगानीतिर आकर्षित हुन्छन् । त्यसका अतिरिक्त प्रमाणपत्र धितो राखेर दिइने कर्जामा उनीहरूले ऋणीलाई झट्ट विश्वास पनि गर्दैनन् । उदाहरणका स्नातकोत्तर गरेको मान्छेले आवेदन दिइहाले पनि उनीहरूमा के दक्षता छ भनेर प्रमाणित गरिहाल्न सकिँदैन । त्यस्तोमा ब्याङ्कहरूले विश्वास गरिहाल्दैनन्- उनी भन्छन् ।

**६. 'असफल कार्यक्रम'**

पूर्वगभर्नर क्षेत्रीका भनाइमा सरकारले लोकप्रियताका लागि यस्ता कार्यक्रम घोषणा गरे पनि विगतका अनुभवले यो 'असफल कार्यक्रम' हो ।

उनी कतिपयले पछिल्ला केही वर्षमा मात्र यो कार्यक्रम आएको भन्ने धारणा व्यक्त गरे पनि त्यो सत्य नभएको बताउँछन् । क्षेत्री पञ्चायतकालमा समेत शैक्षिक प्रमाणपत्र धितो राखेर कर्जा दिने कार्यक्रम आएका र सफल हुन नसकेको स्मरण गर्छन् । क्षेत्रीले भने- बेरोजगार स्नातकहरूलाई भनेर पञ्चायत व्यवस्थामा पनि यस्तो कार्यक्रम शुरु गरिएको थियो, कीर्तिनिधि विष्ट प्रधानमन्त्री हुनुहुन्थ्यो र, त्यति बेला पनि जो सत्ताका नजिक थिए, उनीहरूले मात्र पाए । उनी त्यस बेला त्रिभुवन विश्वविद्यालयमा अध्ययनरत् केही विद्यार्थीले त्यस्तो कर्जा लिएर रत्नपार्क-कीर्तिपुर बस चलाउने प्रयास गरेर असफल भएको दृष्टान्त दिन्छन् । पछि त्यो कर्जा डुबेर सरकारले नै ब्याङ्कहरूलाई पैसा तिरिदिनुपर्ने अवस्था आएको क्षेत्रीले स्मरण गरे । उनी भन्छन्- सरकारबाट ल्याइएका यस्ता पपुलिस्ट किसिमका कुराहरूले रोजगारीलाई वृद्धि गर्नेभन्दा पनि सरकारले केही समयका निम्ति 'ओहो हामीलाई हेरिदियो है' भन्ने भाव दिनका लागि मात्र हुन् ।

क्षेत्रीका भनाइमा नेपालमा यस्ता सहुलियतपूर्ण कर्जाको दुरुपयोग हुने र पछि त्यसलाई सरकारले नै सकार्नुपर्ने अवस्था आएका धेरै उदाहरणहरू छन् । त्यस्तै अर्को उदाहरण वैदेशिक रोजगारीमा जानेका लागि दिइएको सहुलियतपूर्ण कर्जा पनि भएको उनको अनुभव छ ।

त्यसरी सहुलियत दुरुपयोग हुनुमा सत्ताधारीहरूको कार्यकर्तालाई खुसी पार्ने उद्देश्य हुनु र उनीहरूकै सिफारिसमा कार्यकर्ताले सहुलियत पाउने अवस्था हुनु प्रमुख कारण रहेको क्षेत्रीको विश्लेषण छ । वीवीसी

## प्राधिकरणका ...

गाराउँदा पनि समस्या जस्ताको तस्तै रहेको स्थानीय हिमप्रसाद दाहाल बताउँछन् ।

वडामा यस्ता थुप्रै समस्या छन्, जसको बारेमा विद्युत् प्राधिकरणलाई जानकारी गराए पनि आजसम्म कुनै ठोस् काम भएको छैन । धेरै ठाउँमा विद्युत्का पोल ढल्केका छन्, तार भुइँमा लत्रेको छ। सडकमा धेरै ठाउँमा तार क्रस गराएको छ। कुनै पनि वेला दुर्घटना हुन सक्छ तर यस विषयमा प्राधिकरणलाई पटक-पटक जानकारी गराएपनि वेवास्ता गरेको कमल-३का अध्यक्ष नरप्रसाद दंगालले बताए ।

विद्युत् प्राधिकरणको लापर्वाहीले गर्दा पछिल्लो समय स्थानीयलाई धेरै समस्या भएको छ । अधिकांश ठाउँमा विद्युत्का पोल ढल्केका कारण तार तलसम्म लत्रेको छ । यदि प्राधिकरणले समयमा सुधार नगर्ने हो भने कुनै पनि बेला ठूलो दुर्घटना हुन सक्ने स्थानीवासी बताउँछन् ।

## सीमा ...

तथा जिपलाई आवश्यक पर्ने मोटरपार्ट्सको होलसेल पसल छ। सीमा नाकामा कडाइ भएपछि उनी अहिले पानीटंकीमै बसोबास गर्न थालेका छन् । 'पानीट्यांकीसहित छेउमै रहेको नक्सालवारी बजार पनि नेपाली ग्राहककै भरमा चलिरहेको छ- व्यवसायी गोयलले भने- 'कोरोनाका कारण विगत एक वर्षयता कतिपय व्यवसायीको उठिबास नै लागिसकेको छ, नेपाली ग्राहक आउन छाडेपछि उनीहरू पलायन हुनु पऱ्यो ।' नेपाल भन्दा धेरै सस्तोमा सरसामान पाउने आशामा नेपालीहरू आउँदा दैनिक पानीट्यांकी बजारमा हाटबजार जस्तै भीड लाग्ने गथ्यो, तर अहिले बजार सुनसान छ- उनले भने।

यता भद्रपुरका व्यवसायी शम्भु गुप्ताले गलगलिया बजारमा कपडाको पसल सञ्चालन गरेको दुई वर्ष भयो । एक वर्ष व्यापार त राम्रै चल्यो, तर विगत १३ महिनादेखि उनको पसल बन्द छ । गत चैत ११ गतेदेखि बन्द भएको भद्रपुर नाका हालसम्म नखुल्दा व्यवसायी गुप्ता पसलको भाडा मात्र तिरिरहेका छन् । 'मासिक भारु ४२ सय रुपैयाँ भाडा मात्रै तिरिरहेको छु'- उनले भने- 'कोरोनाले सीमा व्यापार चौपट नै बन्यो, बोर्डर ठप्प हुँदा नेपालीहरू गलगलिया जान छाडेपछि त्यहाँका अन्य व्यापार व्यवसाय पनि ठप्प छन् ।'

गुप्तासँगै भद्रपुरका मनिष महतो, मोहन महतोले पनि गलगलियामा कपडाकै पसल सञ्चालनमा ल्याएका थिए । उनीहरू पनि अहिले पसलको मासिक भाडा मात्र तिरिरहेका छन् ।

यस्तै अवस्था रह्यो भने पसल बन्द गरेर भद्रपुरमै आएर व्यवसाय गर्नुको विकल्प नरहेको व्यवसायी मनिष महतोले बताए । उता कादोगाउँ, ठाकुरगञ्ज, डिगलबैंक, फुलबारीया बजारको हालत पनि त्यस्तै छ । त्यहाँको व्यापार व्यवसाय पनि कोरोनाले चौपट बनाइसकेको स्थानीयहरू बताउँछन् ।

**नेपालमा आश्रित भारतीय मजदुरको रोजीरोटी बन्द**

नेपालमा आश्रित भारतीय मजदुर पनि कोरोना भाइरसको महामारीले समस्या मा परेका छन् । अहिले उनीहरूको रोजीरोटी नै बन्द भएको छ ।

झापाका विभिन्न नाकाबाट कामकाज गर्न नेपाल आउने भारतीय नागरिक सीमा नाका सिल भएसँगै प्रवेश गर्न पाएका छैनन् । उनीहरूलाई भारतीय एसएसबी र सशस्त्र प्रहरीले सीमा नाकामै रोक लगाएको छ ।

जिल्लाको काँकरभिट्टा, भद्रपुर हुँदै गौरीगञ्ज नाकाबाट दैनिक तीनदेखि चार हजारसम्म भारतीय मजदुर झापाका विभिन्न पालिकामा आउने गरेका थिए ।भारतीय मजदुरले निर्माण कार्य, पलाई उद्योग, अन्य व्यापार व्यवसाय लगायत कामकाजका लागि दैनिक आउने र फर्किने गरेका थिए । भारतीय मजदुर आउन छाडेपछि अहिले जिल्लाका अधिकांश विकास निर्माण लगायतका कामकाजमा समेत प्रभावित बनेको छ ।

नेपालमा मजदुर अभाव कारण यहाँका निर्माण व्ययवासीले पनि भारतीय मजदुरकै भर पर्ने गरेका छन् । निर्माण व्यवसायी पुष्प निरौलाका अनुसार जिल्लाका अधिकांश विकास निर्माण लगायत अन्य कामकाजमा भारतीय मजदुरको प्रयोग गरिन्छ ।

जिल्लाका युवाहरू वैदेशिक रोजगारीका लागि विदेश जाने गरेकाले यहाँ मजदुरको अभाव छ । भारतीय मजदुर आउन छाडेपछि अहिले विकास निर्माण कार्यले पनि गति लिन नसकेको उनको भनाई छ । 'कतिपय स्थानमा अहिले पनि भारतीय मजदुरले काम गरिरहेको छ, तर तिनीहरूलाई यहाँका व्ययवासीले खाना बस्ने लगायतको व्यवस्थापन गरिदिएको छ'- उनले भने । कोरोनाले भारतीय मजदुरको रोजीरोटी नै बन्द गरिदिएको अर्को युवा निर्माण व्यवसायी मनोज दासले बताए । यहाँका मजदुर भन्दा भारतका मजदुरको कामको फिनिसिङ राम्रो भएको बताउँदै उनले भने- 'उनीहरूको ज्याला पनि कम्ती, काम गराई पनि राम्रो, यहाँ त मजदुर नै भेटिँदैनन् ।'

उता भारतीय मजदुर विकास दासले भने, कोरोनाले बेरोजगारी नै बनाएकोमा दुखेसो पोखेका छन् । दैनिक नेपाल आएर भवन बनाउने काममा मजदुरी गर्दै आइरहेका दासले भने, 'कोरोनाले अघिल्लो बर्षपनि चार/पाँच महिना घरमा बस्नु पर्यो, अहिले फेरि कोरोना आउँदा दुई महिनादेखि घरमै थुनिएका छौं ।'

दैनिक नेपाली ६ सयमा ज्यालादारी काम गर्दै आइरहेको बताउँदै उनले भने, 'अहिले नेपाल जान नपाउँदा घरपरिवार पाल्नै धौधौ भइरहेको छ ।' उनको घर सीमा क्षेत्र भारतीय बजार गलगलिया नजिकै छ । उनी जस्तै अहिले अधिकांश भारतीय मजदुरको घर सीमासँग जोडिएको भारतीय बजारमा नजिकै पर्छ । अहिले सबैको अवस्था दयनीय छ । परिवार पाल्न उनीहरू अहिले खेतीपातीको काम गरिरहेका छन् ।

**पर्यटन र होटेल व्यवसायी संकटमा**

पहिलो लहरको कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि सरकारले २०७६ चैत ११ गते देशभरै लकडाउन लगाएको थियो । साथै सरकारले देशभरका सबै सीमा नाका समेत ठप्प पारेका थिए । देशमा बिस्तारै संक्रमणदर घट्दै गएपछि सरकारले लकडाउन खुकुलो बनाउँदै हटायो । सरकारले लकडाउन हटाए पनि सीमा नाका खुलाएनन् । जिल्लाकै मुख्य नाका काँकरभिट्टाबाट मालवाहक गाडीमा आयात निर्यात हुने सरसामान र मानिसलाई पैदल आवतजावतका लागि मात्र खुला गर्यो ।

जिल्लाका दोस्रो ठुलो नाका भद्रपुरसहित अन्य नाका खुलाएकै थिएन । काँकरभिट्टा नाका पूर्ण रुपमा खुलाउनु पर्ने माग गर्दै गत मङ्सिरदेखि त्यहाँका व्यवसायी आन्दोलित बने । आन्दोलनको नेतृत्व होटेल व्यवसायी संघ मेचीनगर र ट्राभल्स सङ्घ झापाले गरेका थिए । उनीहरूले पटक-पटक सीमा क्षेत्रमा नाकाबन्दी चाहिँदैन, बन्द नाका खुला गर, व्यवसायी बन्दीमा जनता मरे आर्थिक मन्दीमा, लगायतका नारा लेखिएका प्ले कार्डसहित मौन जुलुस, र्याली, धर्ना जस्ता कार्यक्रम गरिरहे ।

लामो समयदेखि सरकारले सीमा नाका बन्द गरेका कारणले बाह्य तथा आन्तरिक पर्यटकको आवागमन ठप्प भएकोले सीमा क्षेत्रका व्यवसायी पलायन हुने अवस्था आएको भन्दै होटेल तथा ट्राभल्स व्यवसायी आन्दोलित बनेका थिए । आन्दोलनपछि नाका सहज हुनै लागेको अवस्थामा अहिले फेरि देशभर दोस्रो लहरको कोरोना महामारी देखा पऱ्यो । कोरोना महामारीका कारण लगाइएको निषेधाज्ञाले अहिले देश ठप्प बनेको छ । सीमा नाका पहिलेकै अवस्थामा पुगेको छ ।

मालवाहक सवारीसाधनमा मात्रै आयात निर्यात मात्र खुला भएका कारण सीमा नाका व्यवसायी अहिले फेरि मारमा परेका छन् । जिल्लामा वैशाख १९ देखि प्रशासन कार्यालय झापाले निषेधाज्ञा लगाएको छ । निषेधाज्ञा जेठ मसान्तसम्म लागु हुने जनाइएको छ । पहिलो लहरको कोरोना संक्रमणदर शून्यमा आएपछि जिल्लाका ट्राभल्स व्यवसायीहरू फेरि उठ्ने अवस्थामा पुगेको थियो । सीमा नाकाबाट भारतीय पर्यटन आउन थालेपछि व्यवयासीहरु पुरानै लयमा फर्किन थालिसकेको बताउँदै ट्राभल्स संघझापाका अध्यक्ष नेत्र कार्कीले भने- 'अहिलेको नयाँ भेरियन्टको कोरोना सङ्क्रमणका कारण व्यवसायी थप सङ्कटमा परेको छ, अब फेरि जुरमुराउन व्यवसायीलाई निक्कै चुनौतिको सामना गर्नुपर्ने हुन्छ ।' जिल्ला ८० बढी ट्राभल्स व्यवसायी छन् । 'पहिलो लहरको कोरोनाका कारण आधा दर्जन जति व्यवसायीले यो पेसा छाडिसके, अहिलेको अवस्था हेर्दा फेरि कति व्यवसायीले पेसा छाडने हो ?'- उनले भने । 'पर्यटन व्यवसायीका लागि तीनै तहका सरकारले चासो देखाउनु पर्ने हो'- उनले भने- 'व्यवसायीका लागि राज्यले राहत प्याकेज लागू गर्नुपर्ने छ ।'

काँकरभिट्टामा १५ वटा ट्राभल्स रहेको छ । अहिले उनीहरूलाई भाडा तिर्न पनि सकस भइरहेको छ । 'घरधनीले भाडा माग्ने, व्ययवासीको पसल र कारोबार भने ठप्प छ, कसरी भाडा तिर्ने र कर्मचारी पाल्ने व्यवसायीहरू समस्या छन्'- उनले थपे । त्यस्तै होटेल व्यवसायी संघ मेचीनगरका अध्यक्ष सुरेशकुमार श्रेष्ठका अनुसार होटेल व्यवसायी कोरोनासँगै भोकले मर्ने स्थिति पुगिसकेको बताए । 'राज्यले होटेल व्यवसायका लागि केही नसोचिँदा हामी मारमा परेका छौँ'- उनले भने- 'कोरोनाले नाका ठप्प हुँदा होटेल सञ्चालकले घरधनीलाई भाडा र बैङ्कको ऋण तिर्न नसक्ने अवस्थामा यहाँका व्यवसायी पुगेको छ ।'

## मकैको ...

खतीतर्फ किसानहरु निरुत्साहित हुन थालेका छन् । धानमा जस्तै सरकारले मकैको पनि समर्थन मूल्य तोकिदिएको भए किसानलाई राहत हुने उनको भनाइ छ । उनले जिल्लाका मकै किसान एकीकृत हुन नसक्दा पनि व्यापारीले आफूखुशी मूल्य निर्धारण गरेको बताए । जिल्लामा मकै जोन र पकेट क्षेत्रहरु घोषणा गरेर खेती गर्न सरकारले किसानलाई प्रेरित गरे पनि बजारीकरणमा सहयोग नगर्दा समस्या भएको किसानको गुनासो छ ।


बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।



चारआली साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको
निर्वाचन कार्यक्रम स्थगित गरिएको सूचना
मिति : २०७८/०२/२४
यस चारआली साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको नयाँ सञ्चालक समिति र लेखा समितिको लागि प्रकाशन भएका मिति २०७८/०२/२५ गतेदेखिका सम्पूर्ण निर्वाचनका कार्यक्रमहरु प्राविधिक कारण तथा कोरोना भाइरसको संक्रमणको सम्भावनालाई मध्यनजर गरी अर्को सूचना प्रकाशन नभएसम्मका लागि स्थगित गरिएको व्यहोरा सम्पूर्ण उपभोक्ता एवम् सरोकारवालाहरुमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।
टंकनाथ उप्रेती
संयोजक (निर्वाचन समिति)


जनहितका लागि




एक अर्काबाट कम्तीमा २ मिटर टाढा बसौं । बेलाबेलामा साबुन पानीले मिचिमिचि कम्तिमा २० सेकण्ड हात धोऔं । घरबाट बाहिर जाँदा अनिवार्य मास्क लगाऔं ।


पूर्वाञ्चल दैनिक
Purwanchaldaily.com
श्रीअन्तु प्रकाशन (प्रा.)लि.


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# चिया मजदुरको सुरक्षा गर

**नगदे बाली भनिएको चिया खेती झापाको चिनारी हो । यहाँ ठूला उद्योग मात्र होइनन्, साना किसानहरूले पनि ससाना क्षेत्रमा चिया खेती गरेर झापालाई चिया क्षेत्र बनाउन योगदान गरेका छन् । तर, कतिपय ठूला बगानहरूले चिया मजदुरका समस्यालाई सम्बोधन नगरेको भन्दै पटक पटक आन्दोलन पनि भएका छन् । बीस वर्ष अघि सरकारको स्वामित्वमा रहेको चिया विकास निगमले झापा र इलामका बगानबाट उत्पादित चिया अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याएको थियो । अहिले ती सबै उत्पादनशील र बिदेशी मद्रा आर्जन गर्ने बगान व्यापारीलाई जिम्मा दिइएको छ । तर, हजारौंले रोजगारी पाएको चिया क्षेत्रका श्रमिकहरू आज पनि अनेक समस्या बेहोर्न बाध्य छन् ।**

**यसबेला सम्पूर्ण विश्व अदृश्य शक्ति कोरोना भाइरसको सङ्क्रमणबाट आहत छ । त्यसमा पनि साधन, स्रोत, जनशक्तिको अभाव भएको हाम्रो देशमा यसले पारेको असरका कारण जनताको जीवन नै अनिश्चित भएको छ । सानो भूगोलभित्रको नेपाली जीवन भाइरसको त्रासले आक्रान्त मात्र छैन पेटको भोकले आहत नै बनेको छ । भाइरस सङ्क्रमणको सिक्री विच्छेद गर्नु नै यो पीडाबाट उन्मुक्ति पाउने मुख्य उपाय हो। विज्ञहरूका आधारमा धेरै ढिलो गरी सरकारले सिक्री छिनाउन निषेधाज्ञा लागू गऱ्यो । यसका कारण के मजदुर, के उद्योगी, के कर्मचारी, के व्यापारी सबैले घरभित्रै बस्नु पऱ्यो । जसका कारण दैनिक ज्यालामजदुरी गरेर परिवार पाल्नु पर्ने वर्ग पूर्णत प्रभावित हुन पुग्यो । यसैलाई मध्यनजर गर्दै संवाद समूह झापाको संयोजनमा आयोजित भर्चुअल कार्यक्रममा मजदुर सम्बद्ध नेताहरूले टोकला, मित्तल र गुप्ता बगानका एघार सयभन्दा बढी मजदुरहरू बेरोजगार भएका भन्दै तिनलाई राहत दिनु पर्ने बताएका छन् । स्वास्थ्य सुरक्षा अपनाएर काम गर्दै गरेकाहरूलाई जोखिम क्षेत्रका रूपमा खोपको व्यवस्था गर्न उनीहरूले माग गरेका छन् ।**

**मजदुर नेताहरूले योगदानमा आधारित सामाजिक सुरक्षामा चिया मजदुरलाई सूचीकृत गरिए धेरै समस्या हल हुने समेत बताए । विगतमा सरोकारवालासँग भएको सहमति केही बगान र उद्योगहरूले कार्यान्वयन नगरेको भन्दै सम्बद्ध पक्षलाई तिनको अनुगमन गर्न अनुरोध समेत गरेका थिए । सरकार चिया मजदुरको पक्षमा उभिन नसकेको भन्दै गुनासो गरेका मजदुर नेताहरूले न्यूनतम् स्वास्थ्य सुरक्षाका मापदण्ड पालना भए – नभएको निरीक्षण गर्न राजनीतिक दल र जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गरे । कोरोनाभाइरस सङ्क्रमणको जोखिम उच्च भएका बगानहरू बन्द हुँदा त्यहाँ कार्यरत् मजदुर र तिनका आश्रित परिवार भोकमरीको अबस्थामा हुन सक्छन् । भाइरस सङ्क्रमणको तेस्रो लहर पनि आउनेतर्फ जनस्वास्थ्यका विज्ञहरूले चेतावनी दिइरहेका बेला देशकै समृद्धिका आधार मानिने मजदुर लगायत निम्नवर्गीय जनताको जीवन रक्षा गर्ने राज्यको प्रमुख जिम्मेवारी हुनु पर्छ। त्यस कारण पनि सरकारको मूल दायित्व विद्यमान महामारीबाट जनतालाई सुरक्षित र आश्वस्त पार्नु नै हो ।**

# हिमालको फेदीमा भक्तशाला निर्माण जारी

**ताप्लेजुङ, जेठ २४ ।** समुन्द्र सतहदेखि चार हजार ५०० मिटर उचाइ पर्ने ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका-६ स्थित हिमालको फेदीमा भक्तजनका लागि भक्तशाला निर्माण भइरहेको छ।

सेन्छेई फक्ताङलुङ संरक्षण संवर्द्धन समितिको अगुवाइमा भक्तशाला निर्माण भइरहेको समितिका अध्यक्ष दीपक ताम्मादेनले बताए। किरात धर्मावलम्बीको पवित्र धार्मिक आस्थाको केन्द्रका रुपमा रहेको फक्ताङलुङ हिमालमा दर्शन गर्न आउने दर्शनार्थीका लागि भक्तशाला निर्माण गर्न लागिएको उनले जानकारी दिए।

निर्माणका लागि प्रदेश नं १ सरकारमार्फत रु. दश लाख र देश विदेशमा रहेका सहयोगी व्यक्तिबाट सहयोग सङ्कलन गरी जम्मा रु. ६० लाख लागतमा भक्तशाला निर्माण हुने समितिका सचिव केदारजङ्ग लिम्बूले बताए।

निर्माणाधीन भक्तशाला ३०० जना बस्ने क्षमताको निर्माण हुनेछ। उच्च हिमालको फेदीमा किराती प्रत्येक वर्ष तीर्थ जाने तीर्थस्थलका रुपमा रहेको फक्ताङलुमा पुग्ने गरेको लिम्बूले बताए। तीर्थयात्री विगतका वर्षमा पाल राखेर बस्दा हिउँ परे समस्या खेप्नुपर्ने भएकाले भक्तशाला निर्माण गर्न लागिएको समितिका सल्लाहकार ज्ञानु फुरुम्बोले बताए।

सोह्रौं राष्ट्रिय विभूति फागुन्द लिङ्देनले १५० जना आफ्ना चेलासँग १९९३ सालमा पहिलोपटक फक्ताङलुङमा पुगेर तपस्या गरेको इतिहास रहिआएको छ। त्यसपछि फक्ताङलडमा तीर्थ जाने प्रचलनको विकास भएको फुरुम्बोले बताए।

# धर्मग्रन्थ रचनाको सिद्धान्त र पात्र निर्माण



जनार्दन कट्टेल

विज्ञानले कुनै पनि पदार्थको विशेषता वा तात्विक गुण भनी बताए जस्तै अध्यात्म दर्शनले त्यसलाई धर्म भन्दछ। वास्तवमा धर्म भनेको कुनै कुराको विशेषता नै हो। कुनै पनि पदार्थ, जीव वा बनस्पतिको विशेषता। उदाहरणको लागि पानीको बग्ने वा तातो हुँदा वाफ भइदिने र चिस्याउदा बरफ बन्ने धर्म हुन्छ। आगोको तातो हुने धर्म हुन्छ। पृथ्बी लगायत ग्रहहरुको सुर्य वरी परी घुम्ने धर्म हुन्छ। त्यसैले भनिएको छ - 'धर्मो रक्षति रक्षित।' अर्थात् जसले आफ्नो धर्मको पालना गर्छ, उसलाई धर्मले रक्षा गर्छ, ऊ सुरक्षित रहन्छ। यस वाक्यांशलाई मैले यहाँ भावार्थको पनि एउटा दृष्टिकोण मात्र बताएको हुँ। आफ्नो बुझाई अनुसार कुनै पनि कुराको स्वयं अर्थ लगाउने व्यक्तिको स्वधर्म हो। जस्तो कि अर्जुनले आफन्त तथा गुरुहरुलाई मारेर मलाई राज्य चाहिदैन भन्नु उनको धर्म थियो। तर कृष्णले आफ्नो धारणाद्वारा, प्रतिपादित दर्शनद्वारा अर्जुनलाई आश्वस्त पारे, कन्भिन्स गराए र आफ्नो मतमा ल्याई उनको धर्मको पालना गर्न लगाए। त्यसैले भयो 'परोधर्म भयावह'। अर्थात समस्त कुरुबंशको अन्त्य भयो। यो भयावह स्थिति यतिमा मात्र सिमित भएन कि युगको अन्त्य नै परोधर्म अंगीकार गर्नाले भएको हामी पाउन सक्छौं।

अर्को अर्थमा धर्मलाई धारणा वा धारण गर्ने कुनै आचरण वा अन्तरनिहिन नैतिकता (Moral or Intigrity) सँग जोड्न पनि सकिन्छ। मनिसले बनाउनु पर्ने धारणा नै धर्म हो। मानवीय धर्म भनेका धैर्य रहनु, सहनशील हुनु, आफ्नो मनलाई नियन्त्रण गर्नु, चोरी नगर्नु, शुद्ध पवित्र रहनु, इन्द्रियलाई आफ्नो अधिनमा राख्नु, बुद्धि विवेकको उपयोग गर्नु, ज्ञानी हुनु, सत्य बोल्नु, नरिसाउनु, कसैको हिंसा नगर्नु, सात्विक आहार विहार गर्नु आदि हुन सक्छन्। यी र यस्ता सद्गुणहरू नै धर्म हुन् भनेर बुझिन्छ। हिन्दु धर्मको निचोड निकाल्दै 'परोपकाराय पुण्याय, पापाय परपिडनाम' भनिएको छ।

आम मानिसले बनाउनैपर्ने न्यूनतम् धारणाहरुको संग्रहलाई धर्मशास्त्र नाम दिन सकिन्छ। यस्ता धर्मशास्त्रको उत्पत्ति र शास्त्रलाई पछ्याउने मानिसहरुको समुह नै पछि गएर धार्मिक सम्प्रदाय बन्न गएको हामी पाउँछौ। शुरुमा एकै धर्म थियो। शुरुकै भएकोले कसैले कुनै धर्मलाई सनातन भनी नाम दिन पनि सक्छ (हिन्दुहरुले आफ्नो धर्मलाई सनातन भनेको पाइन्छ)। मानिसको संख्या बढ्दै जाँदा तथा ठाउँहरु फरक पर्दै जाँदा, चेतनास्तर विकसित बन्दै जाँदा तथा नयाँ ज्ञानको अभ्युदय हुँदै जाँदा तिनीहरुकै सापेक्षतामा विस्तारै फरक मतहरु तथा प्रचलनहरु शुरु भए र कालान्तरमा तिनीहरु फरक फरक रुपमा अभ्यास गरिने धर्महरुको रुपमा विकसित हुन पुगे। उदाहरणको लागि महेन्जोदारो सभ्यतामा सिन्धु माताको मुर्ति पुजा गर्ने हिन्दू जस्तै लाग्ने धार्मिक अभ्यास थियो। जब महेन्जोदारो सभ्यताको अवसान भयो तब ती मध्ये केही मानिसहरु गङ्गा नदीको मैदानतर्फ विस्थापित भए र केही उतै छुटे। उता छुटेकाहरुले त्यहींको भाषा तथा परम्परा अनुरुप अल्लाह देवताको निर्माण गरे तिनै मध्ये कति विद्वानहरु निस्किए र उनीहरुले कुरान रचना गरे। यता आउने र पहिलेदेखि नै यतै हुने विद्वानहरुले वेद लगायत किताब लेखे र विभिन्न देवी देवाता र तिनको मूर्ति पूजा लगायतका अभ्यास गर्न थाले। चीनमा प्रचलित कन्फुसियसले बनाएको धर्म, जापानमा तावोले प्रतिपादन गरेको तावोइज्म तथा पहिले देखि नै अरब खाडी र दक्षिण पुर्वी युरोपमा भएको यहुदी धर्म, त्यही क्षेत्रमा पछि जिसस क्राइष्टले परिस्कृत गरेको क्रिस्चयनिटीहरु यसैगरी बनेका धार्मिक सम्प्रदायहरुका केही विश्व विख्यात उदाहरणहरु हुन्। हाम्रै हिन्दु धर्मभित्र पनि आफ्ना आफ्ना विचार निर्माण गर्ने सम्प्रदायहरु विकसित भैरहेको देख्न सकिन्छ। उदाहरणको रुपमा कृष्ण प्रणामी, बैष्णब, मानब धर्म आदि। प्रत्येक सम्प्रदायका लागि कसै न कसैले नेतृत्व गरेकै हुन्छ। फलोवर्सको संख्या कम हुँदा सम्म नेतृत्वलाई गुरुको रुपमा स्वीकारिन्छ। पछि धार्मिक समूहले त्यो नेतालाई भगवान बनाउछ। उदाहरणको रुपमा बुद्ध, कृष्ण, जिसस, पैगम्बर मोहम्मद आदि पुराना जमानाको धार्मिक नेता थिए। आज आएर कोही देवत्वकरण गरिए भने कोही रसुल (भगवानको सन्देश वाहक) का रुपमा स्थापित भए। हाल सिडि साई, विभिन्न स्वामीजीहरु नेताका रुपमा देखिएका छन्। कुनै दिन यस्तो धार्मिक जमात अगाडि आउनेछ कि तिनीहरु पनि देवता नै पुकारिनेछन् वा देवदुत त अवश्य।

अब धर्म शास्त्रको रचनाको सिद्धान्त सम्बन्धमा छोटो चर्चा गरौं। धर्म शास्त्रको रचना मूल रुपमा निम्न सिद्धान्तका आधारमा भएको हुन्छ।

१. **प्रचलनको सिद्धान्तः** यसलाई श्रुतिस्मृति परम्पराको रुपमा समेत बुझ्न सकिन्छ। कुनै धार्मिक कार्य गर्ने प्रचलनलाई जोगाउन वा कायम राख्न कुनै न कुनै बिधि तय भएको हुन्छ। पुस्तान्तरण हुदै जाँदा त्यसमा थप परिस्कार हुन्छ। कतिपय विधिहरुको शृंखला तयार हुन्छ। अक्षर तथा लिपि र साहित्यको विकाससँगै विद्वानहरुले उक्त कुराहरुलाई लिपिबद्ध गर्दछन्। हिन्दु धर्मका कर्मकाण्ड पद्धतिहरु यसै सिद्धान्तको आधारमा रचना भएको मान्न सकिन्छ। यस प्रचलनलाई लिपिबद्ध गर्दा लिपिकारहरुले आफ्नो धारणा, दर्शन, मौलिकता र काल्पनिकताहरु समेत थपेका हुन्छन्।

२. **सम्पदा प्रचार, संरक्षण र सम्बर्द्धन वा पर्यटनको सिद्धान्तः** अनौठो आकृति, अघिल्लो सभ्यताका भग्नावशेष र अलौकिक र आकर्षक प्राकृतिक चामत्कारिक छटाहरु वा मानब निर्मित मुर्तिहरु पाएपछि त्यसको प्रचार प्रसार, संरक्षण तथा संबर्द्धनका लागि विद्वानहरुद्वारा त्यसैको सापेक्षमा साहित्यिक कृतिहरु रचना गरिन्छ र उक्त स्थानहरुलाई प्रचार प्रसार गरिन्छ। उदाहरणको लागि भारतको खजुराहो मन्दिर, सिक्किमको झाँक्री फल्स (जहाँ राती झाँक्री आएर नाच्छ भन्ने जस्ता अनेकौं मिथकहरु सहितका साहित्यिक रचनाहरु भएका छन्), नयाँ पत्ता लागेका पर्यटकीय स्थानहरुः जस्तै- पाउ पाथिभरा, इलामको पाथिभरा, ताप्लेजुङको ठूली पाथिभरा, खोटाङ्गको हलेसी महादेब आदि। साहित्यको रचना जति पुरानो हुँदै गयो त्यति नै जनविश्वास बढ्दै जान्छ। कुनै दिन यस्तो विन्दु आइपुग्छ कि त्यो साहित्य अकाट्य हुन्छ। अनि मानिसहरुले विश्वास गर्छन् कि त्यो संरचना भगवानले नै फलना थोक लीला गर्दा बनाएको हो।




३. **नियमनको सिद्धान्तः** प्राचीन समयमा भरखर सभ्यताको शुरुवात हुदै थियो। राज्यहरु अहिले जस्तो व्यवस्थित थिएनन्। भारतीय भुगोललाई मात्र लिएर हेर्ने हो भने ज्ञान साधना र रचनामा रमाउने वर्ग जो ब्राह्मण थिए, उनीहरुले जंगल छोडेका थिएनन्। निषाद् तथा मंगोलियन मुलका ब्यक्तिहरुमा परिवारको अवधारणा त आएको थियो तर एक समुदायले अर्को समुदायलाई शत्रु ठान्थ्यो। केहि सभ्य मानिएका क्षेत्रीयहरु (क्षेत्र भनेको खेत हो। यसर्थ क्षेत्रीय शब्दले ठूला ठूला खेतका मालिकलाई जनाउँछ।) पनि साना तिना राज्यमा आफ्नो दबदबा कायम राखेर आफूलाई राजा ठान्थे।उनीहरुमा अर्को देशमा आक्रमण गरी ठूलो देशको राजा हुने अभिलाषा हर्दम रहन्थ्यो। शिकारी युगबाट कोही निस्किएको थिएन। यस्तो अवस्थामा मार काट, हत्या, अर्को जातिमाथि दुर्ब्यवहार आदि सामान्य मानिन्थ्यो। कमजोरलाई अन्याय भए नभएको मूल्याङ्कन नै नगरी शासन गर्ने परिपाटी बस्दै थियो। महिला र बालबालिकाहरुको स्थिति निषाद बर्गबाहेक ( निषाद भनेको जनजाति जस्तै, जंगलमै बस्ने जाति जसमा मातृसत्ता प्रचलनमा थियो।) सबैमा अत्यन्तै कमजोर थियो। अविकसित राज्यका कानून भनेका राजालाई जे ठीक लाग्यो त्यही हुन्थ्यो। कानूनको विवेकशीलता भनेको राजाको विवेकशीलता बुझिन्थ्यो। यो पृष्ठभूमिमा एउटा सर्वमान्य कानूनको आवश्यकता देखियो र धार्मिक कानूनको रुपमा शास्त्रहरु रचना हुन पुगे। यसको उदाहरणको रुपमा मनुस्मृति, याज्ञवल्क्यस्मृति, निर्णयसिन्धु लगायतका ग्रन्थहरुलाई लिन सकिन्छ। यिनीहरुको पूर्ण कार्यान्वयनका लागि डरको सिद्धान्तमा आधारित थप आलेख तथा दृष्टान्तहरु संलग्न गरेर यसलाई मजबुत बनाउने काम समेत गरिएको थियो। कुरानलाई मुस्लीमहरु अल्लाहले मानिसका लागि बनाएर पठाइदिएको कानूनको रुपमा मान्ने हुँदा यो नियमनको सिद्धान्तमा आधारित भएर रचना गरिएको भन्न सकिन्छ। यसमा मानिसले गर्नुपर्ने विभिन्न नैतिक आचरणहरुको बारेमा ब्याख्या गरिएको छ। बौद्ध धर्मको सुत्त पिटकमा आम मानिस तथा भिक्षुहरुको आचरण बारेमा ब्याख्या गरिएको छ।

४. **डरको सिद्धान्तः** यस सिद्धान्तमा धार्मिक साहित्य रचना गर्ने विद्वानहरुले वुद्धिमत्तापूर्ण तरिकाले पाठकमा डर थपिदिएका हुन्छन्। यसलाई कार्यान्वयन गराउने जुक्तिको रुपमा लिइने भएकोले यसलाई कार्यान्वयनको सिद्धान्त भन्न पनि सकिन्छ। उदाहरणको रुपमा स्वस्थानी ब्रत कथामा स्वस्थानी माताको अपमान गर्दा त्यसै कथाको पात्र चन्द्रावतीलाई निज देवी स्वस्थानीको श्राप परेर शालि नदीमा दुर्घटनामा परेको, महापातकी भएर जल भित्र नै रहनु परेको, कुंजो, कुम्भी हुनु परेको तथा शालि नदी नै स्थिर हुन पुगेको थियो। अर्को जन्ममा पशु योनी प्राप्त हुने, तिर्यग्योनीमा पठाइने वा मृत्यु पछि आफ्नो कर्म अनुसार स्वर्ग वा नर्कमा पुगिने जस्ता प्रसंगहरु यसै सिद्धान्त अनुरुप रचना गरिएको मान्न सकिन्छ।

५. **भक्तिको सिद्धान्तः** धार्मिक प्रचलनमा रहेका देवी वा द्यौता प्रतिको भक्ति वा श्रद्धामा बढोत्तरी ल्याउनका लागि यस्ता रचनाहरु निर्माण गरिएका हुन्छन्। उदाहरणको रुपमा पुराणका महात्म्यहरु, विष्णु सहश्रनामस्तोत्र, हनुमान लगायतका विभिन्न चालिसाहरु (चालिसाहरु सिन्धी भाषामा रचना गरिएका पाइन्छन्।), वेदमा भएका गणेश, रुद्र, देवी, इन्द्र, सूर्य आदि देवताहरुको स्तुति गान आदि।

६. **नेतृत्वको सिद्धान्तः** यस सिद्धान्तले धार्मिक रचना गर्ने विद्वानले धेरै भन्दा धेरै मानिसहरुको नेतृत्व गर्ने र आफू त्यो नेतृत्वको सत्तामा रहने उद्देश्यले धार्मिक कृतिहरु रचना गरेको हुन्छ। उदाहरणका लागि ॐ शान्तिको लिटरेचरलाई हामीले लिन सक्छौं। त्यहाँ प्रायः सबै धर्ममा भएका राम्रा र समय सापेक्ष विषयहरुलाई मौलिक पारामा ढालेर एउटा पठन सामग्री बनाइएको पाइन्छ। यसलाई एउटा छुट्टै धार्मिक सम्प्रदायको रुपमा स्थापित गराउने कोशिष गरिएको देखिन्छ। अर्को उदाहरण पैगम्बर मोहम्मदको कुरानलाई लिन सकिन्छ। हुन त कुरानका विभिन्न विषयहरुलाई हेर्दा एउटै मात्र सिद्धान्तमा आधारित रहेको भन्न मिल्दैन। प्रसंग अनुसार सबै सिद्धान्तको अङ्गिकार गरिएको पाइन्छ।

७. **बंशावलीको सिद्धान्तः** यो सिद्धान्त अनुसार धार्मिक गुरु, रसुल वा भगवानको अवतारलाई ब्याख्या गर्न उसको बाबु, बाजे, बराजु, ... गर्दै मूल भगवान, आदिमानव वा भगवान स्वयम्ले नै उत्पत्ति गरेको पहिलो मानब सम्म बंशावली बनाई जोड्ने प्रयास गरिएको हुन्छ। त्यसको सत्यता माथि रचना जति पुरानो भयो त्यति नै विश्वसनियता बढ्दै जान्छ। यसको उदाहरणको रुपमा बाइबलको पुरानो करारमा बर्णन गरिएका जिसस क्राइष्टका बयालीस पुस्ता अघि देखिको बंशावली तथा महाभारतमा वर्णन गरिएको चन्द्र बंश तथा सुर्य बंशको इतिहास आदिलाई लिन सकिन्छ।

८. **तिलस्मी (charismatic) सिद्धान्तः** देवता साँच्चै नै शक्तिशाली हुन्छन्। उनले जे चाह्यो त्यही काम गर्न सक्छन् भन्ने देखाउन यो सिद्धान्तको प्रयोग गरिएको हुन्छ। उदाहरणको रुपमा पार्वतीले मयलको लुडोबाट गणेशको जन्म दिनु, शिबले गणेशको टाउको काटेर मरेपछि हात्तीको टाउको जोडेर पुनर्जीवन दिनु, दक्षप्रजापतिको टाउको काटेर बोकाको टाउको जोडी जीवनदान दिनु, शिबले पार्वतीसँगको रतिक्रिडाको क्रममा आउने भिक्षुलाई आफ्नो बीर्य हातमा हालिदिएको र उनले भगवानको प्रसाद मानेर खाएको तथा पछि गङ्गामा ओकलेको र गङ्गाद्वारा सन्तान उत्पन्न गरिएको प्रसंगलाई लिन सकिन्छ। त्यस्तै अरुले नै प्रज्वलित बीर्य युक्त आगो ताप्दा ऋषि पत्नीहरु गर्भवती भएको अर्को तिलस्मी उदाहरण हो। कृष्णको बालक कालका चामत्कारिक लीलाहरु लगायत यो सिद्धान्तको उदाहरणहरु हिन्दु धार्मिक ग्रन्थहरुमा प्रशस्तै पाइन्छन्। बुद्ध जन्मनासाथ सात पाइला हिडेको र प्रत्येक पाइलामा कमल पुष्प पल्लवित भएको कुरा गौतम बुद्धको जीवनीमा पढ्न पाइन्छ। प्रकृतिका अलौकिक शक्ति (सुपरनेचरल पावर) झैं लाग्ने कतिपय घटनाहरुलाई अझैसम्म पनि भगवानको लीलाका रुपमा अर्थ्याइन्छ।

यति भनिसकेपछि देवताले धर्म बनाएको होइन भनिरहनु परेन। धर्म मान्छेले नै बनाएको हो र धर्मशास्त्रमा प्रयुक्त देवता, राक्षस लगायतका धार्मिक पात्रहरु तिनै धर्मका साधनहरु हुन भनी बुझ्न कुनै गाह्रो भएन। अक्सर गरेर धार्मिक ग्रन्थमा भएका पात्रहरुको स्वभाव अनुरुप उसलाई राक्षस वा देवताको संज्ञा दिने गरेको पाइन्छ।

सबैभन्दा पहिला यो बिचार गर्न जरुरी छ कि जित्नेहरुको मात्र इतिहास लेखिन्छ। अर्थात् हिरोको अवगुण छोपिन्छ तर भिलियनको गुण पनि अवगुणले छेक्छ। त्यसैले अन्य काव्य तथा उपन्यासहरुमा जस्तै लेखकीय अन्तरवस्तु वा शन्देश दिन प्रयुक्त व्यक्ति वा हिरोलाई धार्मिक साहित्यमा देवत्वकरण गरिएको हुन्छ भने नकारात्मक भूमिकामा रहेको पात्रलाई खलनायक वा राक्षस भन्ने गरिएको पाइन्छ।

लोक कथा वा क्रिस्चियन फेरी टेल्समा आउने जस्ता चामत्कारिक देउता, विच (Witch) वा डेमन, लामा लामा सिङ, लामा लामा दाह्रा र लामा दाह्री जुँगा भएक राक्षसहरु, हिन्दू धार्मिक ग्रन्थमा पनि कतै कतै पाइन्छन् भने कतै कतै साधारण राजाहरुलाई पनि राक्षस मानिएको छ।उदाहरणको रुपमा गुफामा लुकेर बस्ने राक्षसहरु पहिलो कोटीका हुन् भने ययाति, रावण, हिरण्यकशिपु लगायत दोस्रो कोटीका राक्षसहरु हुन। कुलका हिसाबले यिनीहरु देवकुलमै पर्ने समेत देखिन्छन्। धेरै जसो गुण र दोषको बिचार गरेर त्यो देवताको कोटामा पर्ने कि दानवको भनी सीमा रेखा छुट्याइएको पाइन्छ। त्यसो त देवता र राक्षसको छुट्टा छुट्टै राज्य भएको भनी धार्मिक कृतिहरुमा पढ्न पाइन्छ।

कतिपय प्रसंगमा राक्षसहरु देवताको (शिव अदि) धेरै भक्त भई असिमित शक्ति प्राप्त गरी देवताकै (इन्द्रको विशेष) सत्ता प्राप्तिका लागि दौडिएका प्रसँगहरु पनि हिन्दु धार्मिक कृतिहरुमा जतातत्तै पढ्न पाइन्छ। यस्ता प्रसंगमा सत्ताको संघर्षमा शक्तिको उन्माद देखाइएको हुन्छ र सत्य (धार्मिक लेखकले ठहराएको) को विजय भएको सन्देश दिइएको हुन्छ। वास्तवमा सत्य भनेको बिल्कुलै सापेक्षिक मात्र हुन्छ र विजेताको सापेक्षमा सत्यको व्याख्या गरिएको पाइन्छ।

धर्मलाई भौतिकवादी दार्शनिक कार्ल मार्क्सले मादक पदार्थ अफिमसँग तुलना गरेका छन्। युरोपमा पादरीहरुको अत्याचार र बरबरताको सापेक्षमा तत् समय यो अति नै अकाट्य देखिएको पनि हो। धार्मिक अन्धता र कट्टरतालाई हेर्ने हो भने सबै समाजमा सापेक्षिक रुपमा अझैसम्म उनको यो दृष्टिकोण जीवन्त पाउन सकिन्छ।

अहिले हाम्रो समाजका रहेका विभिन्न धार्मिक पाठकहरुको अध्ययन गर्दा दुई थरिका पाठक रहेको पाउन सकिन्छ। पहिलोमा ज्ञान फराकिलो पार्ने तथा विश्लेषण क्षमता अभिवृद्धिका लागि पढ्ने पाठक र दोस्रो वर्गमा धार्मिक ज्ञानलाई पेशामा परिवर्तन गर्न चाहने पेशेवार धार्मिक पाठक। समाजमा पहिलो वर्गले नकारात्मक प्रभाव पार्दैनन्, उनीहरु कुनै एउटा धर्मको अध्ययनमा सीमित नरही पाएसम्म सबै धार्मिक कृतिहरु पठनमा रुचि राख्छन्। उनीहरु कुनै पनि धार्मिक प्रसंगमा सामान्यज्ञ (Generalist) को रुपमा मात्र रहेका हुन्छन्। सत्पालजी महाराजलाई पहिलो वर्गको उदाहरणको रुपमा लिन सकिन्छ। उनको प्रस्तुतिमा सबै धर्मको धर्मशास्त्रको संश्लेषण गर्ने प्रयास गरिएको हुन्छ। आफ्नो प्रवचनमा सबै धर्मका ग्रन्थहरुको सन्दर्भ लिएर सबै धर्मले भन्न खोजेको कुरा एउटै हो भनी प्रमाणित गर्ने उनको ध्येय देखिन्छ। दोस्रो वर्गका मानिसहरु विशेषज्ञ मानिन्छन्। उनीहरु कुनै एक धर्मको कृतिहरुमा सीमित रहि पूर्ण ज्ञान प्राप्त गर्ने र सोही ज्ञानको उपयोगद्वारा धर्म प्रचार तथा कर्मकाण्डलाई पेशा बनाउने कार्य गर्दछन्। एउटा मात्र धर्मको ज्ञान हुनाले अरु धर्मप्रति अत्यन्तै सङ्किर्ण तथा हीन विचार राख्ने यस्ता वर्गको विचार रहन्छ। विशेष गरी गाँउघरमा पुराण वाचन गर्ने पण्डितहरु तथा कर्मकाण्ड गराउने पुरोहितहरुलाई यस कोटीमा राख्न सकिन्छ। नेपालमा मिसनरीको धर्म प्रचार, जबर्जस्ती क्रिश्चियन बनाउदै हिड्ने मानिसहरु र नव क्रिस्चियनहरु पनि दोस्रो वर्गका पाठक तथा भक्तहरु हुन्।

कुनै पनि धर्मको उद्देश्य समाजमा दुस्कृति फैलन नदिनु तथा सदाचार र नैतिकता प्रवर्द्धन गर्नु नै हो। सबै धर्मले कुनै न कुनै रुपमा यही कुरालाई नै बोकेर हिडेका हुन्छन्। मानिस धर्म वा कुल र जातका हिसाबले कोही ठूलो सानो हुदैन। बरु सभ्यता र संस्कृतिक हिसाबले कोही केही पछि परेको (राज्यले नै पछि पारेको समेत) हुन्छ। यसरी पछि पर्ने वर्गहरुको उदाहरणको रुपमा दलित तथा आदिवासी जनजातिहरुलाई लिन सकिन्छ। नेवारी उच्च कुलीन वर्ग तथा थकालीहरु यसका अपवाद हुन सक्छन्। समाजको कुनै वर्ग पछि छुट्नु भनेको आधुनिक समाजको कलङ्कको रुपमा रहेको मानिने हुनाले सबैसँग हातेमालो र सद्भावद्वारा धार्मिक रुपमा समेत सबैको उत्थान र सवलीकरण जरुरी हुन्छ। हिन्दु धार्मिक समाजले (धर्मशास्त्रले होइन) अछुत भनेर ठहर्याएको दलित वर्गले आत्म सम्मानका लागि बौद्ध वा कृश्चियनिटीमा प्रवेश गर्नुलाई धार्मिक सवलीकरणको रुपमा बुझ्दा खास फरक नपर्ला। जे होस् व्यक्ति आफ्नो धर्म र धार्मिकता छनौट गर्नमा पूर्णतया स्वतन्त्र हुनुपर्छ।

धर्मलाई फराकिलो रुपमा बुझ्ने हो भने धर्मप्रतिको आस्था अझ बढेर आउँछ। सबै धर्मप्रति सम्मान गर्ने सीपको विकास हुन्छ। यसले समाज र देशमा समेत धार्मिक सहिष्णुता र सद्भाव कायम गर्न सहज हुन्छ। कुनै धर्मको विशेषज्ञता भए पनि अर्को धर्मप्रति उदार दृष्टिकोण राखिदिए समाजमा सबैको कल्याण र मर्यादाको रक्षा हुने हुँदा सोही मार्गबाट समाजलाई हामी सबैले आ-आफ्नो योगदान दिऔ भन्ने लेखकको आग्रह रहेको छ। आफ्नो पेशागत धर्मको पालना र प्रचार गर्दै जाँदा अर्को समुदायप्रति ठेस नपुगोस भनी सतर्क रहनुपर्छ भन्ने लेखकको मनसुवा रहेको छ।

अन्त्यमा, पक्कै पनि यो आलेखले शोधपत्र लेखनको जस्तो मिहिन हिसाबले धर्मसम्बन्धी विषयका सबै क्षेत्रलाई समेट्न सक्दैन। यसका सीमितता तथा कमजोरीहरु पक्कै पनि छन् भन्ने ठानेको छु। तथापि विद्वान पाठकहरुमा यति विचार राखेपछि प्राप्त हुने प्रतिक्रिया र त्यसबाट आफूले प्राप्त गर्ने प्रयोगात्मक ज्ञान (Empirical Knowledge) का लोभले मेरो धारणा यहाँ प्रस्तुत गर्ने जमर्को गरेको छु। पढीसकेपछि तपाईको धर्म (धारणा) अनुरुप लेखकलाई पृष्ठपोषण दिनुहुनेछ भन्ने विश्वास लिइएको छ।

## अग्निपीडित परिवारलाई राहत

**कमल, जेठ २४।** पूर्व नेपाल बहुउद्देश्यीय सहकारी सस्थाले अग्निपीडित परिवारलाई रहात प्रदान गरेको छ।

शिवसताक्षी नगरपालिका-२स्थित मंगलवारेमा गत जेठ १० गते राति आगलागीका कारण सम्पूर्ण सम्पत्ति नष्ट हुनुका साथै घरवारविहीन भएकी संस्थाकी सदस्य नन्दकला राईलाई खाद्यान्न, लत्ताकपडा एकथान सिलाई मेसिन र व्यवसाय सञ्चालन गर्नका लागि २५ हजार रुपैयाँ सापटी प्रदान गरेको छ ।

सिलाईबुनाई व्यासाय सञ्चालन गर्दै आएकी राईको आगलागीका कारण सबै सम्पत्ति नष्ट भएको छ। यस्तो अवस्थामा उनको जीविकोपार्जन गर्दै पुनः व्यवसायमा फर्किन सहज होस् भनेर संस्थाकोतर्फबाट खाद्यान्न, लत्ताकपडा एकथान सिलाई मेसिनका साथै नगद सहयोग गरेका छौं। यसले थोरै भएपनि पीडितलाई सहयोग पुग्ने पूर्व नेपाल वहुउद्देश्यीय सहकारी सस्थाका अध्यक्ष प्रेम सापकोटाले बताए ।

यस्तो अवस्थामा संस्थाले सहयोग गर्दा आफूलाई खुशिलागेको छ। संस्थाकै सहयोगमा १७ वर्ष अगाडि पाक्षिक रुपमा किस्ता तिर्ने गरी संस्थाबाट कर्जा लिएर एउटा मेसिन किनेकी थिए। त्यही मेसिनबाट व्यवसाय शुरु गरेर अहिले ६ वटा सिलाई मेसिन र एउटा इन्टरलक जोडेको थिए। यही व्यवसायबाट जोडेको घर आगलागीका कारण घरसहित सम्पूर्ण सम्पत्ति क्षति हुँदा ३६ लाख रुपैयाँ बरावरको क्षति भएको पीडित नन्दकला राई बताउँछन् ।

त्यसैगरी सस्थामा आवद्ध सदस्यले कोभिड १९ को संक्रमण पुष्टि भएको आधिकारिक प्रमाण संस्थमा पेश गरेमा त्यस्ता सदस्यलाई पौष्टिक आहारा (मह, ध्यू, च्यामनप्रास लगायत ) औषधिसहित सदस्यको घर-घरमा पुर्‍याउने गरेको संस्थाकी व्यवस्थापक चन्द्रकला ढकालले जानकारी दिए ।

# खरबुजा कुहिन थालेपछि किसान चिन्तित

**लक्ष्मी उप्रेती**

**मेचीनगर, जेठ २४।** कोभिड १९ को संक्रमण रोकथाम र नियन्त्रणका लागि सरकारले पटक-पटक निषेधाज्ञ जारी गरेपछि यातायात र बजार ठप्प हुँदा कृषकले आफ्ना उत्पादनलाई बजारसम्म पुर्‍याउन सकेका छैनन्। जसका कारण कृषकहरुले लाखौं रुपैयाँको क्षति व्यहोर्नु परेको छ।

लकडाउनका कारण समयमै बजार पुर्‍याउन नसक्दा आफ्ना उत्पादन बारीमै सड्ने र कुहिने गरेका कारण झापा मेचीनगर-७ सतिघट्टाका एक कृषकको लाखौं रुपैयाँको लगानी बालुवामा पानी सरह भएको छ। खरबुजाको अर्ग्यानिक खेती गरिरहेका कृषक दीपक खत्रीले सरकारले आफ्ना उत्पादनलाई सहजरुपमा बजारसम्म पुग्ने वातावरण मिलाइदिनुपर्ने वा सरकारले स्वयम् खरिद गरिदिनुपर्ने विकल्प अघि सारेकाछन् ।

एकवर्ष अघिदेखि दुई विगाह जग्गामा व्यवसायिक खरबुजाको खेती गर्दै आएका खत्रीले गतवर्ष पनि कोभिड १८ का कारण नराम्ररी आर्थिक क्षति व्यहोर्नु परेको थियो। गतवर्षको क्षतिलाई पूर्ति गर्न यो साल पनि खरबुजा खेतीलाई निरन्तरता दिए। तर, हालत उही पहिलेकै दोहोरियो। चार लाख रुपैयाँ खर्च गरेर दुई विगाह जग्गामा उनले खरबुजाको खेती शुरु गरेका थिए। तर, उत्पादन दिएर बजार पुर्‍याउने बखत कोभिड-१९का कारण जारी निषेधाज्ञाले सवै उत्पादन बारीमै कुहिएर खेर गएका कारण पुर्पुरोमा हात लगाएर बस्नु बाहेक कुनै विकल्प नभएको खत्रीको दुःखेसो छ। केही हुन्छ कि भनेर व्यवसायिक खेती शुरु गरेको बताउँदै उनले दुईवर्षमा खरबुजा खेतीबाट भएको नोक्सान पूर्ति गर्न एक विगाह जग्गा बेच्नु परेको पीडा सुनाए ।

अहिले आफ्ना खेतमा उत्पादन भएका खरबुजा लकडाउनका कारण समयमै बजार पुर्‍याउन नसक्दा



खेतबारीमै कुहिर र सडेर गएका कारण चार लाख रुपैयाँ बढी क्षति व्यहोर्नु परेको उनको भनाइ छ। फागुन महिनामा रोपेको विरुवामा एक महिनामै फल लाग्न शुरु हुने र फल लाग्न शुरु भएको दुई महिना लगत्तै खानका लागि तयारी हुने खरबुजा अहिले खेतबारीमा लटरम्म फले पनि सबै कुहिएका छन्। लकडाउनका कारण यातायात नचल्दा वा बजार बन्द भएका कारण यो अवस्था आएको उनको भनाइ छ।

विशेष गरेर प्रदेश नम्बर १को धरान, विराटनगर तथा गण्डकी प्रदेशको पोखरालगायत अन्य बजारलाई लक्षित गरेर यहाँका किसानले अर्ग्यानिकरुपमा व्यवसायिक ढंगले खरबुजा खेती गरेको भए पनि अहिले लकडाउनका कारण समयमै ती उत्पादन बजारसम्म पुर्‍याउन नसक्दा किसानले आर्थिकरुपमा ठूलो क्षति व्यहोर्नु उनको भनाइ छ। गतवर्ष जसोतसो एक ट्रक खरबुजा काठमाडौं पुर्‍याउन सफल भए पनि यस पटक भने त्यो पनि गर्न नसकेको उनको भनाइ छ।

'अहिले हरेक किसानका खेतवारीमा खरबुजा राम्रैसँग उत्पादन भएका छन्'- खत्रीले भने- 'हाम्रो बजार १ नम्बर प्रदेशका थोरै र गण्डकी प्रदेशका अधिकांश बजार हो। तर, अहिले लकडाउनका कारण ती बजारमा आफ्ना उत्पादन पुर्‍याउनै सकिएको छैन्।' बजारका कारण अधिकांश किसानको ठूलो लगानी जोखिममा परेको उनको भनाइ छ। बजारमा अर्ग्यानिक वस्तुको माग प्रशस्त छ, उत्पादन पनि मनग्यै छ तर लकडाउनका कारण बजार र यातायातका साधन नचल्दा समस्या भएको उनको भनाइ छ। स्थानीय बजारले यहाँ उत्पादन भएका यस्ता वस्तुको खपत धान्न सक्ने अवस्था छैन्।

'लाखौ रुपैयाँ लगानी गरेर व्यवसायिक अर्ग्यानिक खेती शुरु गरियो र विक्री गर्ने बेलामा सवै नष्ट हुने अवस्थामा छ'- उनले भने- 'अब कि त सरकारले आफ्ना उत्पादनलाई सहजरुपमा बजारसम्म पुग्ने वातावरण मिलाइदिनुपर्‍यो वा सरकारले स्वयम् खरिद गरिदिनु पर्‍यो नत्र हाम्रो यसमा गरेको लगानीको कारण घरवास उठिवास हुने अवस्था आउँछ।' खरबुजाले राम्रै उत्पादन दिएको भए पनि समयमै बजारसम्म पुर्‍याउन नसक्दा लाखौ रुपैयाँ डुब्ने र चर्को व्याजदरमा ऋण कडेर गरेको खेती डुब्दा घरबारी नै लीलामी हुने अवस्था शतप्रतिशत रहेको भन्दै किसानका यी सामुहिक समस्यामा नेपालका तीनै तहका सरकार गम्भीर भएर समाधानतर्फ लाग्न स्थानीय समाजसेवी हरिकृष्ण केसी आग्रह गर्छन्।

स्थानीय बजारले मात्र यसको उत्पादन धान्न नसक्ने र बजारमा प्रश्स्त माग हुँदासम्म पुर्‍याउन नसकेकै कारण लगानी खेर जाने अवस्थामा पुगेको भन्दैं किसानहरु उत्पादन पनि राम्रोसँग दिए पनि उचित रुपमा बजारीकरण गर्न नसक्दा समस्यामा परेको बताउँछन्। खुद्रा विक्री गरेर आफ्नो लगानी उठ्ने समभावना नरहेको उहाँको भनाइ छ। उनले किसानले उत्पादन गरेका वस्तु छिटो भन्दा छिटो बजारसम्म पुर्‍याइदिने वातावरण मिलाइदिन सरकारको ध्यानाकर्षण गराएका छन्।

चर्को व्याजका दरले ऋण लिएर शुरु गरेको खरबुजा बजारसम्म पुर्‍याउन सक्दा बारीमै नष्ट हुन थालेपछि साहुको ऋण कसरी तिर्ने भन्ने समस्या सिर्जना भएको पीडा उनी सुनाउँछन्। खरबुजाको बजारमा माग भएपनि बजारसम्म पुर्‍याउन नसक्दा किसानले आर्थिकरुपमा ठूलो नोक्शान व्यहोर्नु परेको उनको भनाइ छ। नेपाललाई कृषि प्रधान देश भनिए पनि हरेक वर्ष हरियो सागसब्जीदेखि फलफूल र खाद्यन्न समेतमा परनिर्भर बन्नु परेको छ। नेपालम व्यावसायिक रुपमा कृषि कर्ममा लागेका यस्ता किसानहरुको समस्या बुझेर समयमै समाधानतर्फ लाग्ने हो भने कृषितर्फ उनीहरुको आर्कषण बढ्न सक्छ। यसकारण नेपाललाई साँच्चै कृषि प्रधान देश भन्ने हो भन्न र व्यवहारमा समेत देखाउने हो भने तत्काल सरकार र सम्बन्धित निकाय आजै हरेक किसानका खेत-खेतमा पुग्न जरुरी छ।

# प्रोत्साहन राहत बाँड्दै 'योगदान राष्ट्र'

**रामप्रसाद ढुंगेल**

**युएई, जेठ २४।** निःशुल्क प्राथमिक उपचारको स्वास्थ्यसेवा प्रदान गर्ने उद्देश्यले स्थापित योगदान राष्ट्रको लागि फाउण्डेशनको झापा टिम कोरोना प्रभावितहरुको सुख-दुःखको साथी बन्दै गएको छ।

युएईका सामाजिक अभियन्ता ओमप्रसाद उप्रेतीले प्राथमिक उपचारको क्षेत्रमा नेपाली जनतालाई विदेशमा सिकेको सीप र क्षमता समर्पित गर्ने उद्देश्यले स्थापना गरेको फाउण्डेशनको झापा टिमले आफ्नो जिल्लाका सबै कोरोना प्रभावितहरुलाई मनोबल बढाउन पौस्टिक खाद्यान्न तथा स्वास्थ्य सामग्री प्रोत्साहन स्वरुप उपलब्ध गराएको अध्यक्ष माइनसप्लस संग्रौलाले जानकारी दिएका छन्।

योगदान राष्ट्रको लागि जिल्ला समिति झापाले झापाका सबै स्थानीय निकायका कोभिड आइसोलेसनमा रहेका बिरामीहरुलाइ स्वास्थ्यबर्द्धक खानेकुरा र स्वास्थ्य सामग्रीहरु वितरण गरिरहेको छ।

फाउण्डेशनको झापा टिमले जेठ २३ गते मेची प्रादेशिक अस्पतालमा रहेका ६५ जना बिरामीहरुलाई हर्लिक्स, च्यवनप्रास, सेनिटाइजर, साबुन र मास्क वितरण गरिएको जिल्ला समन्वय समितिका अध्यक्ष तथा मेची अस्पताल व्यवस्थापन समितिका अध्यक्ष सोमनाथ पोर्तेलले बताएका छन्। अध्यक्ष पोर्तेलले फाउण्डेशनको यो सहयोग अभियानको खुलेर तारिफ गरेका थिए।

त्यसैगरी दमक नगरपालिकाको आइसोलेसन सेन्टरमा रहेका करिब ४० जना कोरोना पीडित बिरामीलाई खाद्य सामग्री र स्वास्थ्य सामग्री वितरण गरिएको फाउन्डेसनका जिल्ला सचिव सुजु बुढाथोकीले जानकारी दिएकी छन्।

यसैगरी भद्रपुर नगरपालिकाले सञ्चालन गरेको कलबलगुढी आइसोलेसन सेन्टरमा रहेका बिरामीलाई नगर प्रमुख जीवनकुमार श्रेष्ठको उपस्थितिमा प्रोत्साहन राहत वितरण गरिएको थियो। नगर प्रमुख श्रेष्ठले फाउन्डेसनको यो सहयोग अनुकरणीय रहेको बताउँदै धन हुनेको मन नहुने र मन हुनेको धन नहुने अहिलेको परिस्थितिमा धन र मन हुने दुबैलाई एक स्थानमा ल्याएर उदाहरणीय राहत प्याकेज वितरण गरेकोमा फाउण्डेशनलाई धन्यवाद प्रकट गरेका थिए।

यसैगरी हल्दिबारी आइसोलेसन सेन्टरमा रहेका बिरामीहरुलाई वडा नं. २का अध्यक्ष राजेन्द्र योङहाङमार्फत यसअघि नै हस्तान्तरण गरिएको फाउण्डेशनका प्रदेश संयोजक चेतना निरौलाले बताइन्।

जिल्ला अध्यक्ष संग्रौलाको सभापतित्वमा मेची अस्पताल लगायत ३ पालिकामा भएको प्रोत्साहन प्याकेज वितरण गरिएको उक्त कार्यक्रममा जिल्ला समितिका सचिव बुढाथोकीले जानकारी दिइन्।

कार्यक्रममा प्रदेश १ संयोजक निरौला, प्रवक्ता विजय उप्रेती, सहसचिव डिल्लीराम पोखरेल, सदस्य प्रकाश शर्मा, अभि प्रधान, अर्जुन बानियाँ लगायतका सामाजिक अभियन्ताहरुको उपस्थिति थियो। फाउण्डेशनले योभन्दा अगाडि बिर्तामोड, दमक, नगरपालिका र कमल गाउँपालिकाको आइसोलेसन सेन्टरमा रहेका कोरोना पोजेटिभ सबै बिरामीलाई प्रोत्साहन स्वरुप स्वास्थ्य सामग्री वितरण गरिसकेको छ। सहयोग संकलन गरेर बाँकी पालिकाहरुमा पनि यसैगरी वितरण गरिने योजना रहेको अध्यक्ष संग्रौलाले बताएका छन्।

सहयोगी हातहरुको दरिलो साथ योगदान राष्ट्रको लागि एक सेवामूलक संस्था हो। यसले देश र देशवासीको स्वास्थको हितको लागि आन्तरिक श्रोत र सहयोगी व्यक्तित्वहरुको साथले मात्रै झापा लगायत देशका २२ वटा जिल्लामा यसैगरी स्वास्थ्य सहायता सामग्री वितरण गरिएको फाउन्डेसनका केन्द्रीय अध्यक्ष ओमप्रसाद उप्रेतीले बताएका छन्। अध्यक्ष उप्रेती स्वयम्ले झापा लगायत अन्य जिल्लाको लागि १ लाख रुपैयाँको सहयोग उपलब्ध गराएका छन् भने फाउण्डेशनका अन्य पदाधिकारीहरुले पनि यथासक्य आर्थिक सहयोग उपलब्ध गएर झापा लगायत अन्य सक्रिय जिल्लामा आर्थिक सहयोग उपलब्ध गराइएको फाउण्डेशन अध्यक्ष उप्रेतीले बताए।

यसरी नै फाउण्डेशनको झापा टिममा आवद्ध धेरै पदाधिकारी र शुभेच्छुकहरुले पनि थोरैथोरै सहयोग जम्मा गरेर यो अभियान शुरु गरेको झापा सचिव बुढाथोकीले बताइन्।

यो अभियानमा विश्व भुटानी हिन्दू संगठन अमेरिका, अन्तर्राष्ट्रिय झापाली समाजका अध्यक्ष छत्र सुब्बा, हङकङ, वरिष्ठ उपाध्यक्ष दीपक खनाल, अष्ट्रेलियाले पनि उल्लेख सहयोग गरेको अध्यक्ष संग्रौलाले जानकारी दिए। यसैगरी सदीक्षा शाही, अमेरिका, समाज कल्याण परिषद्का पूर्व उपाध्यक्ष निलमणि बरालले पनि आर्थिक सहयोग उपलब्ध गराएकाले मात्रै यो अभियान सफल भएको र यसैगरी सहयोग मिलेमा अन्य धेरै कोरोना प्रभावितहरुको सुख-दुःखमा साथ दिन सकिने फाउण्डेशनका झापा अध्यक्ष संग्रौलाले बताएका छन्।

## विपन्न परिवारलाई खाद्यान्न सामग्री



**झापा, जेठ २४।** भद्रपुरका विपन्न परिवारलाई राहत स्वरूप खाद्यान्न सामग्री वितरण गरिएको छ। नेकपा माओवादी केन्द्र भद्रपुर नगर कमिटीले नगर क्षेत्रका एक सय विपन्न परिवारलाई खाद्यान्न सामग्री वितरण गरेको हो।

भद्रपुर-४स्थित पार्टी कार्यालयमा सोमबार बिहान आयोजित एक संक्षिप्त कार्यक्रमकाबीच प्रदेश कमिटी सदस्य डिल्ली घिमिरे (हिक्मत)को नेतृत्वमा प्रति विपन्न परिवारलाई १० केजी चामल, १ केजी दाल, एक लिटर तेल, १ प्याकेट नुन वितरण गरेको कमिटीका सदस्य पुष्कर राजवंशीले जानकारी दिए।

पार्टीका विभिन्न तहका नेता कार्यकर्ता, सहयोगी एवम् शुभचिन्तकहरू बाट प्राप्त भएको सहयोगबाट राहत जुटाइएको नगर अध्यक्ष शिवकुमार राजभण्डारीले जानकारी दिए। स्थानीय प्रशासनले लगाएको निषेधाज्ञापछि कोरोना महामारीले प्रभावित भएका अति विपन्न परिवारका लागि सक्नेले दिएर जाँउ नसक्नेले लिएर जाँउ नाम दिएर राहत अभियान सुरु गरिएको जनाइएको छ। यस अभियानलाई निषेधाज्ञाभरि निरन्तरता दिने नगर इन्चार्ज नरेश सन्जेलले जानकारी दिए।

## मदिरा बरामद

**मोरङ, जेठ २४।** मोरङ जहदा गाउँपालिका-१ बुधनगरस्थितमा रहेको खाली जग्गामा लुकाईछिपाई राखेको ४ लाख ९० हजार भन्दा बढिको सिल प्याक मदिरा बरामद गरेको छ।

बिशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले को ३२ प.९५२१ र को.२० प.८७६१७ नम्बरको मोटरसाइकलमा लोड गरेको र बाँकी बेबारिसे अबस्थामा दिलवाले मदिरा ३०९ कार्टुन, उंमग मदिरा २७७ कार्टुन र बिभिन्न ब्राण्डका खुल्ला मदिरा १९०० बोतल फेला पारेको हो। बरामद गरेको मदिरा र सवारी साधन जिल्ला प्रहरी कार्यालय मोरङमा लगी आवश्यक कारवाहीको लागि मूल भन्सार कार्यालय रानी विराटनगरमा बुझाउने कार्य भईरहेको छ।


**पसल बिक्रीमा**

बिर्तामोडस्थित शनिश्चरे रोड राष्ट्रिय वाणिज्य बैंक अगाडि चालू अवस्थाको कोल्ड सेन्टर बिक्रीमा।
सम्पर्क : ९८१४९६३४८८

**सुरक्षा गार्डको आवश्यकता**

२५ वर्ष माथि ५० वर्षसम्म उमेर भएका पुरुष र २० वर्षदेखि ३० वर्ष उमेर भएका महिला सेक्युरिटी गार्डको आवश्यकता परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला।
भू.पू. आर्मी, प्रहरीलाई विशेष ग्राह्यता।
विराट गोर्खा सेक्युरिटी प्रा. लि.
सम्पर्क कार्यालय बिर्तामोड
सिटी सेन्टर पूर्व, देवी कलेज रोड
फोन : ९८४२६२५०२०, ९८०४७३१५६८, ९८०४५६७८७२

**चिनारी राजश्व सेवा सेन्टर**

- अनलाइन कर भुक्तानी/कर चुक्ता प्रमाणपत्र
- पर्सनल पान नम्बर पनि बनाइन्छ।
- सरकारी निकायमा व्यवसाय दर्ता गर्नको लागि कागजात तयार गर्ने।
- लेखा परीक्षण /VAT BILL सम्बन्धी काम

मो. ९८०४९७६५०६, ९८४२६४५३७५

**अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा**

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलबध छ।
अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्यः ९८४२६२३१५२

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोन झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०, ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** मनोरञ्जनमा अलमलिँदा काममा पछि परिनेछ। समय अनुकूल रहे पनि भौतिक सुविधाले खर्च निम्त्याउन सक्छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** रमाइलो क्षणमा पनि मन खिन्न रहनेछ। केही अप्ठ्यारा परिस्थिति आउनाले आफन्तसँग असमझदारी बढ्न सक्छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** निम्तो प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्ने देखिन्छ। व्यावसायले यात्रा गराउन सक्छ। काम पूरा नभए पनि आंशिक फाइदा हुनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** पहिलेको सफलताले हौसला जगाउनेछ र पछिका लागि विशेष काममा जग बसाउने मौका छ। विभिन्न अवसर प्राप्त हुनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** मनग्गे फाइदा उठाउन सकिनेछ। परिश्रम परे पनि लक्ष्य प्राप्त हुनेछ। शत्रु र रोगबाट भने सजग रहनुपर्ला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ। प्रतिस्पर्धीहरूलाई पछि पार्न सकिनेछ। लामो यात्राको प्रक्रियाअघि बढ्नेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** अवसरले पछ्याए पनि फाइदा उठाउन चुनौतिहरूसँग जुध्नुपर्नेछ। अरूको भरपर्दा धोका हुन सक्छ। मेहनत गर्दा नतिजा सकारात्मक हुनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** प्रयत्न गरेका काम सम्पादन हुनेछन्। अभिभावक तथा शुभचिन्तकहरूले राम्रो साथ दिनेछन्। साथीभाइको सहयोग मिल्ला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** अध्ययनमा गुरुजनको मार्गदर्शन अवलम्बन गर्दा फाइदा हुनेछ। भौतिक साधन जुट्नाले जीवनशैलीमा परिवर्तन आउनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ। अनावश्यक साइनो गाँस्नेहरूसँग सावधान रहनुहोला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** नियमित काम सम्पादन भए पनि पारिवारिक मतभेदले व्यवधान निम्त्याउला। निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय रहेको छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** बेसुरमा वचन दिने बानीले अप्ठ्यारो पर्ला। स्थायी सम्पत्तिमा विवाद आउन सक्छ। विरोधीबाट सचेत रहनु होला।